"साहित्य, पर्यटन, कृषि क्षेत्र हाम्रोः पारौं समृद्ध र समुन्नत भानु राम्रो"

# आवधिक नगर विकास योजना

## (आ.व.२०८०/८१ - २०८४/८५)

अन्तिम प्रतिवेदन




# भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### फुस्रेटार, तनहुँ

### गण्डकी प्रदेश

# भानु नगरपालिकाको प्रथम आवधिक नगर विकास योजना

# First Periodic Plan of Bhanu Municipality

**आर्थिक तथा प्राविधिक सहयोगः**

## भानु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### फुस्रेटार, तनहुँ
### गण्डकी प्रदेश

**योजना तर्जुमा सहजिकरण**

अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा. लि. लोकन्थली, भक्तपुर

जेभी

सोलुसन रिसर्च पोइन्ट प्रा.लि. किर्तिपुर, काठमाण्डौ

**मन्तव्यहरू**

## विषय सूची


**परिच्छेद १ः परिचय ....................................................................................................................................१**

१.१ पृष्ठभूमि.......................................................................................................................................१

१.२ योजना तयारीको कानुनी आधार.........................................................................................................२

१.३ आवधिक योजना तर्जुमाको उद्देश्य.......................................................................................................३

१.४ आवधिक योजना तर्जुमा प्रक्रिया.........................................................................................................३

**परिच्छेद २ः भानु नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा .........................................६**

२.१ नगरपालिकाको परिचय........................................................................................................................६

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना............................................................................६

२.१.२ जनसांख्यिक अवस्था.......................................................................................................................८

२.२ आर्थिक विकास अवस्था ....................................................................................................................१०

२.२.१ कृषि तथा खाद्य सुरक्षा.....................................................................................................................१०

२.२.२ पर्यटन तथा संस्कृति .......................................................................................................................१२

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति.....................................................................................................१२

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा.......................................................................................................१३

२.२.५ वित्तीय संस्था ...............................................................................................................................१४

२.३ सामाजिक विकासको अवस्था .............................................................................................................१५

२.३.१ स्वास्थ्य तथा पोषण .........................................................................................................................१५

२.३.२ शैक्षिक विकास...............................................................................................................................१५

२.३.३ खानेपानी तथा सरसफाइ ...................................................................................................................१७

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण.......................................................................................१९

२.३.५ युवा, खेलकुद तथा कला....................................................................................................................१९

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ...................................................................................................२०

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण.........................................................................................२०

२.४.२ सडक, पुल तथा यातायात ..................................................................................................................२२

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा................................................................................................................२२

२.४.४ सूचना, सञ्चार तथा प्रविधि..................................................................................................................२३

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ..........................................................२५

२.५.१ वन तथा जैविक विविधता...................................................................................................................२५

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन......................................................................................................२६

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ............................................................................२७

२.५.४ महामारी तथा विपद् व्यवस्थापन...........................................................................................................२८

२.६ सुशासन तथा संस्थागत व्यवस्था..........................................................................................................२९

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन .........................................................................................................२९

२.६.२ सङ्गठनात्मक विकास .......................................................................................................................३०

२.६.३ स्रोत परिचालन ...............................................................................................................................३१

२.६.४ योजना व्यवस्थापन ........ ३२

**परिच्छेद ३: सोच तथा विकासको अवधारणा ........ ३३**
३.१ पृष्ठभूमि ........ ३३
३.२ प्रमुख समस्या तथा चुनौती ........ ३४
३.३ प्रमुख सम्भावना तथा अवसर ........ ३६
३.४ निर्देशक सिद्धान्त ........ ३६
३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ ३८
३.६ परिमाणात्मक लक्ष्य ........ ३९
३.७ रणनीति तथा प्राथमिकता ........ ४१
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ ४३
३.९ नगर गौरवका आयोजनाहरू ........ ४५

**परिच्छेद ४: आर्थिक क्षेत्र ........ ४६**
४.१ कृषि तथा पशुपन्छी ........ ४६
४.१.१ पृष्ठभूमि ........ ४६
४.१.२ समस्या तथा चुनौती ........ ४७
४.१.३ सम्भावना तथा अवसर ........ ४८
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ४८
४.१.५ कार्यक्रम तथा आयोजना ........ ५१
४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५६
४.२ सिँचाइ ........ ५९
४.२.१ पृष्ठभूमि ........ ५९
४.२.२ समस्या तथा चुनौती ........ ५९
४.२.३ सम्भावना तथा अवसर ........ ५९
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६०
४.२.५ कार्यक्रम तथा आयोजना ........ ६३
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६४
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........ ६६
४.३.१ पृष्ठभूमि ........ ६६
४.३.२ समस्या तथा चुनौती ........ ६६
४.३.३ सम्भावना तथा अवसर ........ ६७
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६७
४.३.५ कार्यक्रम तथा आयोजना ........ ७१
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७३
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ७५
४.४.१ पृष्ठभूमि ........ ७५
४.४.२ समस्या तथा चुनौती ........ ७५

४.४.३ सम्भावना तथा अवसर.......................................................................................................७६
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......................................................७६
४.४.५ कार्यक्रम तथा आयोजना.....................................................................................................७८
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................................८०
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा.............................................................................................८२
४.५.१ पृष्ठभूमि.............................................................................................................................८२
४.५.२ समस्या तथा चुनौती..............................................................................................................८२
४.५.३ सम्भावना तथा अवसर...........................................................................................................८३
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......................................................८३
४.५.५ कार्यक्रम तथा आयोजना.....................................................................................................८५
४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................................८७

**परिच्छेद ५ः सामाजिक क्षेत्र.......................................................................................................८९**
५.१ स्वास्थ्य तथा पोषण...................................................................................................................८९
५.१.१ पृष्ठभूमि.............................................................................................................................८९
५.१.२ समस्या तथा चुनौती..............................................................................................................९०
५.१.३ सम्भावना तथा अवसर...........................................................................................................९०
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......................................................९१
५.१.५ कार्यक्रम तथा आयोजना.....................................................................................................९३
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................................९६
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन.................................................................................................१००
५.२.१ पृष्ठभूमि...........................................................................................................................१००
५.२.२ समस्या तथा चुनौती............................................................................................................१००
५.२.३ सम्भावना तथा अवसर.........................................................................................................१०१
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....................................................१०१
५.२.५ कार्यक्रम तथा आयोजना...................................................................................................१०५
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....................................................................................१०९
५.३ खानेपानी तथा सरसफाइ.........................................................................................................११४
५.३.१ पृष्ठभूमि...........................................................................................................................११४
५.३.२ समस्या तथा चुनौती............................................................................................................११४
५.३.३ सम्भावना तथा अवसर.........................................................................................................११५
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....................................................११५
५.३.५ कार्यक्रम तथा आयोजना...................................................................................................११७
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....................................................................................११९
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग.......................................................................................१२०
५.४.१ पृष्ठभूमि...........................................................................................................................१२०
५.४.२ समस्या तथा चुनौती............................................................................................................१२०
५.४.३ सम्भावना तथा अवसर.........................................................................................................१२१

५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२१
५.४.५ कार्यक्रम तथा आयोजना ........ १२४
५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२७
५.५ युवा तथा खेलकुद ........ १३०
५.५.१ पृष्ठभूमि ........ १३०
५.५.२ समस्या तथा चुनौती ........ १३०
५.५.३ सम्भावना तथा अवसर ........ १३१
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३१
५.५.५ कार्यक्रम तथा आयोजना ........ १३४
५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १३६

**परिच्छेद ६ः पूर्वाधार क्षेत्र ........ १३८**
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १३८
६.१.१ पृष्ठभूमि ........ १३८
६.१.२ समस्या तथा चुनौती ........ १३९
६.१.३ सम्भावना तथा अवसर ........ १३९
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४०
६.१.५ कार्यक्रम तथा आयोजना ........ १४२
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४४
६.२ सडक, पुल तथा यातायात ........ १४७
६.२.१ पृष्ठभूमि ........ १४७
६.२.२ समस्या तथा चुनौती ........ १४७
६.२.३ सम्भावना तथा अवसर ........ १४८
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४८
६.२.५ कार्यक्रम तथा आयोजना ........ १५१
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५४
६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा ........ १५६
६.३.१ पृष्ठभूमि ........ १५६
६.३.२ समस्या तथा चुनौती ........ १५६
६.३.३ सम्भावना तथा अवसर ........ १५६
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५७
६.३.५ कार्यक्रम तथा आयोजना ........ १५९
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६०
६.४ सूचना, सञ्चार तथा प्रविधि ........ १६२
६.४.१ पृष्ठभूमि ........ १६२
६.४.२ समस्या तथा चुनौती ........ १६२
६.४.३ सम्भावना तथा अवसर ........ १६२
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६३

६.४.५ कार्यक्रम तथा आयोजना ........ १६५
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६७

**परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ १६८**
७.१ वन तथा जैविक विविधता ........ १६८
७.१.१ पृष्ठभूमि ........ १६८
७.१.२ समस्या तथा चुनौती ........ १६८
७.१.३ सम्भावना तथा अवसर ........ १६९
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६९
७.१.५ कार्यक्रम तथा आयोजना ........ १७१
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७३
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १७५
७.२.१ पृष्ठभूमि ........ १७५
७.२.२ समस्या तथा चुनौती ........ १७५
७.२.३ सम्भावना तथा अवसर ........ १७५
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १७६
७.२.५ कार्यक्रम तथा आयोजना ........ १७७
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७९
७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन ........ १८०
७.३.१ पृष्ठभूमि ........ १८०
७.३.२ समस्या तथा चुनौती ........ १८०
७.३.३ सम्भावना तथा अवसर ........ १८१
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १८१
७.३.५ कार्यक्रम तथा आयोजना ........ १८३
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १८५
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ १८७
७.४.१ पृष्ठभूमि ........ १८७
७.४.२ समस्या तथा चुनौती ........ १८७
७.४.३ सम्भावना तथा अवसर ........ १८७
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ........ १८८
७.४.५ कार्यक्रम तथा आयोजना ........ १९०
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १९२

**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १९४**
८.१ संस्थागत विकास तथा सुशासन ........ १९४
८.१.१ पृष्ठभूमि ........ १९४
८.१.२ समस्या तथा चुनौती ........ १९५
८.१.२ सम्भावना तथा अवसर ........ १९६

८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १९६
८.१.५ कार्यक्रम तथा आयोजना ........ १९९
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २०९

**परिच्छेद ९: कार्यान्वयन व्यवस्था ........ २१४**
९.१ पृष्ठभूमि ........ २१४
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........ २१४
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ २१४
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ २१७
९.४.१ राजस्व परिचालनको अवस्था ........ २१७
९.४.२ खर्च अवस्थाको विश्लेषण ........ २१८
९.४.३ अपुग स्रोत व्यवस्थापन ........ २१९
९.५ स्रोत परिचालन रणनीति ........ २१९
९.६ आवधिक योजना कार्यान्वयन ........ २२१
९.६.१ योजना कार्यान्वयन ........ २२१
९.६.२ कार्यान्वयन प्रकृया ........ २२३
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ २२४
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ २२५
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ २२५
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ २२६

**अनुसूचिहरू ........ २२९**
अनुसूचि – १: वडागत कार्यक्रमहरूको विवरण ........ २२९
अनुसूचि – २: आवधिक योजना तर्जुमा कार्यशाला तथा वडा स्तरीय छलफलका केही फोटाहरू........ २५९
अनुसूचि – ३: आवधिक योजना तर्जुमा कार्यशाला तथा वडा स्तरीय छलफलका उपस्थितहरू........ २९७

## तालिका सूची

तालिका १: जनसङ्ख्याको वडागत वितरणको अवस्था ............ ८
तालिका २: भानु नगरपालिकाको उमेर समूह अनुसारको जनसङ्ख्या विवरण ............ ९
तालिका ३: भानु नगरवासीको आर्थिक क्रियाकलापमा संलग्नता विवरण ............ १०
तालिका ४: भानु नगरपालिकाको भू उपयोग स्थिति ............ ११
तालिका ५: ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था ............ १५
तालिका ६: ५ वर्ष देखि २५ वर्ष सम्मको जनसङ्ख्याको हालको शैक्षिक अवस्था ............ १५
तालिका ७: ५ वर्ष माथिको साक्षर जनसङ्ख्याको शैक्षिक स्थिति ............ १६
तालिका ८: भानु नगरपालिकाका शैक्षिक संस्थाहरूको विवरण ............ १७
तालिका ९: नगरपालिकाको खानेपानीको स्रोत सम्बन्धी विवरण ............ १७
तालिका १०: शौचालय प्रयोगको प्रकार ............ १८
तालिका ११: घरको अपनत्व सम्बन्धी विवरण ............ २०
तालिका १२: घरको छानाको प्रकार ............ २१
तालिका १३: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति ............ २२
तालिका १४: खाना पकाउने इन्धनको प्रकार ............ २३
तालिका १५: सञ्चारका उपकरणको उपलब्धता ............ २४
तालिका ४: भानु नगरपालिकाको निर्देशक सिद्धान्तहरू ............ ३७
तालिका ५: अपेक्षित परिमाणात्मक उपलब्धि ............ ३९
तालिका ६: भानु नगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ............ ४१
तालिका ७: लगानी प्रक्षेपण ............ ४३
तालिका ८: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू ............ ४३
तालिका ९: नगरपालिकाको आय अनुमान (रू. हजारमा) ............ ४४
तालिका १०: नगर गौरवका आयोजनाहरू ............ ४५
तालिका १२: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू ............ ४९
तालिका १३: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना ............ ५१
तालिका १४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ............ ५३
तालिका १५: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ ५६
तालिका १६: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ............ ६०
तालिका १७: सिँचाइका कार्यक्रम तथा आयोजना ............ ६३
तालिका १८: सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ............ ६३
तालिका १९: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ ६४
तालिका २०: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ............ ६७
तालिका २१: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना ............ ७१
तालिका २२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ............ ७२
तालिका २३: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ ७३
तालिका २४: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति ............ ७६
तालिका २५: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना ............ ७८
तालिका २६: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ............ ७९
तालिका २७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ ८०
तालिका २८: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ............ ८३
तालिका २९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना ............ ८५
तालिका ३०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ............ ८६

तालिका ३१: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८७
तालिका ३२: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू ........ ९१
तालिका ३३: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना ........ ९३
तालिका ३४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ९४
तालिका ३५: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९६
तालिका ३६: शिक्षाका रणनीति तथा कार्यनीतिहरू ........ १०२
तालिका ३७: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना ........ १०५
तालिका ३८: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १०७
तालिका ३९: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०९
तालिका ४०: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू ........ ११५
तालिका ४१: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना ........ ११७
तालिका ४२: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ११८
तालिका ४३: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११९
तालिका ४४: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू ........ १२२
तालिका ४५: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना ........ १२४
तालिका ४६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १२५
तालिका ४७: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२७
तालिका ४८: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू ........ १३१
तालिका ४९: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना ........ १३४
तालिका ५०: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १३५
तालिका ५१: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १३६
तालिका ५२: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू ........ १४०
तालिका ५३: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना ........ १४२
तालिका ५४: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १४३
तालिका ५५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४४
तालिका ५६: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू ........ १४८
तालिका ५७: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना ........ १५१
तालिका ५८: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १५२
तालिका ५९: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५४
तालिका ६०: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू ........ १५७
तालिका ६१: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना ........ १५९
तालिका ६२: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १५९
तालिका ६३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६०
तालिका ६४: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू ........ १६३
तालिका ६५: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना ........ १६५
तालिका ६६: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १६६
तालिका ६७: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६७
तालिका ६८: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........ १६९
तालिका ६९: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना ........ १७१
तालिका ७०: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १७२
तालिका ७१: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७३
तालिका ७२: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........ १७६
तालिका ७३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........ १७७

तालिका ७४: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........................................१७८
तालिका ७५: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका..............................................१७९
तालिका ७६: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू .........................................................................१८१
तालिका ७७: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना .........................................................१८३
तालिका ७८: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण...................................१८४
तालिका ७९: वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................१८५
तालिका ८०: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू.......................................................................................१८८
तालिका ८१: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना ....................१९०
तालिका ८२: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण..१९१
तालिका ८३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१९२
तालिका ८४: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू........................................................................१९६
तालिका ८५: संस्थागत विकासका कार्यक्रम तथा आयोजना .........................................................................................१९९
तालिका ८६: संस्थागत विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण.................................................................२०४
तालिका ८७: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................२०९
तालिका ९०: विषयक्षेत्र अनुसार अनुमानित बजेट .......................................................................................................२१५
तालिका ९१: राजस्व परिचालनको अवस्था ................................................................................................................२१८
तालिका ९२: खर्च बाँडफाँडको प्रक्षेपण .......................................................................................................................२१८
तालिका ९३: अपुग स्रोत व्यवस्थापन ........................................................................................................................२१९
तालिका ९४: बार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा.........................................................................................................२२४
तालिका ९५: अनुगमन तथा मूल्याङ्कन खाका...............................................................................................................२२७

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मकोलागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचक सहितको पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ । त्यसैगरी गण्डकी प्रदेश सरकारले प्रदेशको **"समृद्ध प्रदेश, सुखी नागरिक"** को दिर्घकालिन सोचका सहित प्रथम पञ्चवर्षीय योजनामा गण्डकी प्रदेशको समग्र विकासकोलागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्य सहित वि.सं. २१०० सम्मकालागि समृद्धि र सुखका मुख्य सूचकहरू समेत निर्धारण गरिएका छन् ।

योजनाहरू प्राथमिकिकरण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीयबासीहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ । यो ऐनको दफा २४ को उपदफा ४ मा योजना बनाउँदा मध्यम र दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको अन्य पालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

यस अवस्थामा भानु नगरपालिकाले पनि संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाद्धारा प्रस्तुत प्रथम पञ्चवर्षीय आवधिक विकास योजना (२०८०/८१—२०८४/८५) तर्जुमा गरिएको छ । नगरपालिकाले तयार गरेको वस्तुस्थिति विवरणको आधारमा नगर विकासको बिद्यमान सम्भावना, अवसर, समस्या र चुनौति विश्लेषण गरी दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं प्रमुख कार्यक्रमहरू र आवश्यक स्रोत प्रक्षेपण सहित राजनीतिक प्रक्रियाबाट स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको रणनितिक खाका सहितको यस आवधिक योजना तर्जुमा गरिएको छ ।

विकासका परिसूचकहरूमा पृथक तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा नगरपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ । राष्ट्रिय रूपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकोले पनि नगरपालिकाको आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको तुलनात्मक विश्लेशण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुनेगरी भानु नगरपालिकाको

समग्र विकास नीतिका आधारहरू तय गर्नु रहेको छ । मौसममा आधारित कृषि तथा पशुजन्य उत्पादन र विप्रेषण नै यस नगरपालिकाको समग्र अर्थतन्त्रको मुख्य आधार हुन् ।

यस योजना भानु नगरपालिकाको समग्र विकासको रणनीतिक योजना सहितको मार्गचित्र -Strategic and Indicative Planning Framework) मात्र हो जसले नगरपालिकालाई मध्यमकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकता क्षेत्र निर्धारण गरी स्रोत विनियोजन एवं स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने विश्वास गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम नगर सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, नगरपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

## १.२ योजना तयारीको कानुनी आधार

नेपालको संविधान २०७२ ले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय तथा प्रदेशको  कानुन र नीति, स्थानीय तहको कानुन नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिको मार्ग चित्र निर्देशित गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद २०७४ को ६ दफा २४ को उपदफा १ अनुसार स्थानीय निकायले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यकालीन र वार्षिक योजना, विषय क्षेत्र गत योजना तर्जुमा गरी तयार गर्नु पर्ने प्रावधान रहेको छ । स्थानीय तहले आफ्नो योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको सोच, उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिने व्यवस्था गरिएको छ । भानु नगरपालिकाको यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूको आधार लिइएको थियो ।

१. नेपालको संविधान २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४
३. नेपाल सरकारको पन्ध्रौं योजना
४. गण्डकी प्रदेशको आवधिक योजना (२०७६/७७ देखि २०८०/०८१)
५. दिगो विकासका लक्ष्य
६. स्थानीय सरकारको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू
७. स्थानीय तहमा रहेका राजनैतिक दलका नीति,कार्यक्रम तथा प्रतिबद्धताहरू
८. स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था
९. नागरिकको चाहना र स्थानीय आवश्यकता
१०.संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहमा हुने स्रोत प्रवाहको र अवस्था आन्तरिक आय
११.नेपाल सरकारले गरेका अन्तरराष्ट्रिय सन्धि सम्झौता र प्रतिबद्धताहरू
१२.स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

## १.३ आवधिक योजना तर्जुमाको उद्देश्य

नगरपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि नगर/नगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस पञ्चवर्षीय योजना (आवधिक विकास योजना २०८०/८१—२०८४/८५) तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन् ।

- नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालालाई एकैथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने
- सहभागितामूलक पद्धतिबाट नगरको समग्र विकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं कार्यनीति सहितको प्रमुख कार्यक्रमहरूको खाका बनाई नगरपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज बनाउने
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने
- भविष्यमा क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा महत्त्वपूर्ण विकास प्राथमिकता प्राप्त कार्यक्रमहरू तर्जुमा गर्न मार्गनिर्देशित गर्ने
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालिन खर्च संरचना (Medium Term Expenditure Framework MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।

## १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

भानु नगरपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी कार्यक्षेत्र गत शर्तमा उल्लेख भए बमोजिमका कार्यक्षेत्रका अधीनमा रही आवधिक योजना तर्जुमा सुरुआत भएको छ । योजनालाई बढी सहभागिता मूलक यथार्थ परक कार्यान्वयन योग्य र सर्वस्विकार्य गराउन योजना तर्जुमा गर्ने सम्बन्धमा देहाय बमोजिमका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

क) **प्रारम्भिक छलफलः** प्रस्ताव स्विकृत भई कार्य सम्झौता भएपछि सर्वप्रथम नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बन्ने समिति तथा उपसमितिहरू निर्माण योजनाको कार्य तालिका लगायतका बिषयमा प्रारम्भिक छलफल गरी ति बिषयको टुङ्गो लगाइएको छ ।

ख) **पुर्वतयारी गोष्ठी सञ्चालनः** आवधिक योजनाको महत्त्व, औचित्व, विधि, प्रकृया, नगरपालिकाले यसमा निर्वाह गर्नुपर्ने भुमिका आदिका बारेमा नगरपालिका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, प्रमुख प्रसासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बनेका समिति तथा उपसमितिहरूसँगको छलफल, योजनाका विविध पक्षहरू, चरणहरू तथा कार्य जिम्मेवारीका लागि पुर्वतयारी गोष्ठी सञ्चालन गरिएको थियो ।

ग) **वडागत योजना तर्जुमा गोष्ठी सञ्चालनः** वडाध्यक्ष, वडासदस्य, वडाका कर्मचारी, सबै स्थानीय राजनितिक **दलका** प्रतिनिधिहरू, विद्यालयका प्रमुख तथा प्रधानाध्यापकहरू, क्षेत्रगत बिज्ञ तथा बौद्धिक ब्यक्तित्वहरू, उद्योगी तथा व्यवशायीहरू लगायत स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा सबै वडा कार्यालयमा एकदिने योजना तर्जुमा गोष्ठी सञ्चालन मिति २०७९/०९/२१ देखि २०७९/१२/१० गते सम्ममा सम्पन्न गरिएको छ ।

घ) **तथ्याङ्क प्रमाणिकरणः** नगरपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई बिषयगत समितिहरूमा छलफल गरिएको थियो र योजनामा संलग्न गरिएका मुख्य सुचकाङ्कहरू समेत निर्धारण गरिएको थियो ।

ङ) **दीर्घकालीन सोच निर्धारणः** नगरपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण गर्न सबै सरोकारवालाहरूलाई समुह बिभाजन गरी मिति २०८०/०१/२३ र २४ छलफल गराइएको थियो र सबै समुह सुझाव मध्येबाट सर्वमान्य सोचलाई आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण तय भएको छ । सोहि दीर्घकालीन सोचका आधारमा आवधिक लक्ष्य तथा उद्देश्यहरू निर्माण गरिएको छ ।

च) **समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचानः** नगरपालिकाको आवधिक योजना तर्जुमा पुर्व भानु नगरपालिकामा विकासकालागि विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक बिषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) को छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएकोछ ।

छ) **क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारणः** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा हरेक बिषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) का उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारण गरिएकोछ । यसका साथै सबै बिषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको छ ।

ज) **मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषणः** उपरोक्त चरणहरू पुरा गरिसकेपछि बिज्ञ समुहले नगरपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधरमा मस्यौदा प्रतिवेदन तयार पारी आवश्यक सुधार तथा सुझावका लागि नगर कार्यपालिकाको कार्यालयमा प्रेषण गरिएको छ । नगरपालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

झ) **मस्यौदा प्रतिवेदन नगर सभामा पेश गर्नेः** बिज्ञ समुहले तयार गरी पठाएको मस्यौदा प्रतिवेदन निर्देशक समितिमा छलफल गरी प्राप्त भएको प्रतिवेदनका आधारमा आफ्नो समेत साय सुझाव तयार गरी निर्देशक समितिले दिएको सुझावका आधारमा प्रतिक्रिया नोट गरी सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूमा पठाइनेछ भने सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको सुझाव सहित आफ्नो सुझाव समेत तयार गरी अन्तिम छलफलका लागि नगर सभामा पेश गरिनेछ । नगर सभाबाट पारित सुधार गर्नुपर्ने कुराहरू तथा प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

ञ) **नगर सभाबाट आवधिक योजना पारित गर्नेः** आवधिक योजनाको अन्तिम प्रतिवेदन नगर सभामा पेश गरी नगर सभाबाट स्वीकृतीका लागि प्रक्रिया अघि बढाइनेछ ।

# परिच्छेद २: भानु नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

नेपालको मध्य भागमा अवस्थित गण्डकी प्रदेशको ११ जिल्लाहरू मध्ये तनहुँ जिल्लाको पूर्वोत्तर भागमा अवस्थित भानु नगरपालिका एक ऐतिहासिक नगरपालिका हो । नेपालको संघीय राजधानी काठमाण्डौंबाट १४० किलोमिटर पश्चिम र गण्डकी प्रदेशको राजधानी पोखराबाट ६८ किलोमिटर पूर्वमा अवस्थित छ ।

संघीय प्रतिनिधि सभाको तनहुँ जिल्लाको क्षेत्र नं १ अन्तर्गत र गण्डकी प्रदेश सभा अन्तर्गत १ (क) मा पर्दछ । भानुमा हाल १३ वटा वडाहरू रहेका छन् । यस नगरपालिकाको पूर्वमा गोरखा र लमजुङ जिल्ला, पश्चिममा व्यास नपा, उत्तरमा लमजुङ तथा दक्षिणमा बन्दिपुर गाँउपालिका र गोरखा जिल्ला रहेका छन् ।




यहाँको कूल क्षेत्रफलको ६० प्रतिशत भूमि समथर र कृषिका लागि उत्तम रहेको छ । त्यसैगरी ४० प्रतिशत पहाडी क्षेत्रले ओगटेको छ जुन मुख्यतः पश्चिमी मध्य र उत्तरी भागमा अवस्थित छ । भानुको आवादी अधिकांश भिरालो जमिन समथर (Low land) र नदी किनारामा बसेको देखिन्छ । महाभारत पर्वत श्रृङ्खला अन्तर्गत रहेको यहाँको भौगोलिक धरातल मिश्रित प्रकारको रहेको छ ।

जनगणना २०६८ को तथ्याङ्क अनुसार भानुमा कूल जनसंख्याको ३० प्रतिशत भन्दा बढी आदिवासी जनजातीहरू रहेको देखिन्छ । कूल जनसंख्यामा क्षेत्री सबैभन्दा बढी २५.३ प्रतिशत ब्राम्हण ११.८ प्रतिशत गुरुङ ११.४

प्रतिशत नेवार ९.६ प्रतिशत मगर ७.१ प्रतिशत लगायत विभिन्न २२ भन्दा बढी जातजातीहरूको बसोबास रहेको देखिन्छ ।

भानुको मूल पेशा कृषि नै हो । अन्य पेशामा व्यापार व्यवसाय पर्यटन वैदेशिक रोजगारी सरकारी तथा गैरसरकारी सेवा आदि पर्दछन् । यहाँका मूल बजार केन्द्रहरू तुरतुरे भन्सार चुँदी कालीमाटी बाइसजँघार टुहुरेपसल मानेचौका चन्द्रावती आदि पर्दछन् । मूल कृषिमा कोदो धान मकै गहुँ आदि पर्दछन् । धान र गहुँ मुख्यत समथर उपत्यका र टारहरूमा हुन्छ । चुँदी फाँट, खहरे, कल्लेरी, ढुकुर्दी, शतिघाट, बाह्रविसे, दोरदोरटार, मोहोरियाटार, कालीमाटी टार, बेलटार, दाहालटार, कउरेटार, नारेश्वरटार, फुस्रेटार, कल्याणटार, भन्सार आदि क्षेत्र मुख्य छन् । यसका लागि सिँचाइ सुविधा उपलब्ध भएका स्थानहरूमा पर्याप्त उत्पादन हुन्छन् । भानुमा फलफूलमा केरा, सुन्तला, नासपति, बेलौती मुख्य नगदेबालीको रुपमा रहेका छन् । हाल भानुमा कुखुरापालन, माछापालन र बाख्रापालन, बेमौसमी तरकारी खेती व्यवसाय फस्टाउँदै गएको छ । अन्य व्यवसायहरूमा फर्निचर, ब्लक उद्योग, इट्टा उद्योग, फलाम तथा ग्रील उद्योग, पाउरोटी उद्योगहरू क्रमशः वृद्धि भैरहेको छ । बैंक तथा वित्तीय संस्थामा ग्लोबल आइ एम इ बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक तथा कामना सेवा विकास बैंकले भानुमा सेवा दिइरहेका छन् ।

यस भानु नगरपालिका कार्यालयको विधिवत संचालन २०७२/०६/१५ गते शुक्रबार बाट भईआएकोमा मिति २०७३/११/२७ को नेपाल सरकारकोनिर्णय अनुसार स्थानीय तहको रुपमा पुर्नसंरचित यस भानु नगरपालिकामा साविकका भानु न.पा, वसन्तपुर गा.वि.स, मिर्लुङ गा.वि.स, रिस्ती गा.वि.स (वडा नं. ६), सतिस्वारा गा.वि.स (वडा नं. १ देखि ५), तनहुँसुर गा.वि.स (वडा नं. १ देखि ३), चोकचिसापानी गा.वि.स, रुपाकोट गा.वि.स र पुर्कोट गा.वि.स समावेश भएका छन् ।

**<u>नामाकरण</u>**

यस नगरपालिकाको नेपालका सुप्रशिद्ध व्यक्तित्व राष्ट्रिय विभुति एवं आदिकवि भानुभक्त आचार्यको नामबाट भएको हो । आदिकवि भानुभक्त आचार्यको जन्मथलो चुँदी रम्घा पनि यसै पालिकामा रहेको छ । त्यसै गरी नेपालको राजनीतिक इतिहासका दोस्रो प्रधानमन्त्री रंगनाथ पौडेलको जन्मथलो मैवलकोट क्षेत्रलाई पूर्व र पश्चिम पारेर बगेको चुँदी खोलाले भाग लगाएको भानु र वरभञ्ज्याङ गाविसलाई नेपाल सरकारको २०७२ असोज १ गतेको निर्णय अनुसार आदिकवि भानुभक्त आचार्यको नामबाट घोषणा भएको यस भानु नगरपालिका कार्यालयको विधिवत् संचालन मिति २०७२ साल असोज १५ गते शुक्रबारबाट भई आएकोमा नेपाल सरकारको मिति २०७३ फागुन २७ को निर्णय अनुसार स्थानीय तहको रुपमा पुनःसंरचित यस भानु नगरपालिकामा साबिकका भानु नपा, बसन्तपुर गाविस, मिर्लुङ गाविस, रिस्ती गाविस (वडा नं ६), सतिस्वाँरा गाविस (वडा नं १ देखि ५), तनहुँसुर गाविस (वडा नं १ देखि ३), चोकचिसापानी गाविस, रुपाकोट गाविस र पुर्कोट गाविस समावेश भएका छन् ।

**भौगोलिक अवस्थिति**

विश्व मानचित्रमा हेर्दा भानु र रहेको छ । पश्चिम नेपालको मध्य पहाडी क्षेत्रमा रहेको भानु समुन्द्र सतहबाट ३०० देखि १५०० मिटर सम्मको उचाइमा रहेको छ । भौगोलिक हिसाबले यो नगरपालिका मुख्यतः दुईवटा क्षेत्रमा अवस्थित छ चुँदी बेल्ट र मर्स्याङ्दी नदी बेल्ट ।

- अक्षांसः २७° ५७' ०७" उत्तरी अक्षांशदेखि २८° ४७' ३१" उत्तरी अक्षांशसम्म
- देशान्तरः ८४° १८' ३७° पूर्वी देशान्तरदेखि ८४° २८' ३९" पूर्वी देशान्तरसम्म
- सबभन्दा कम उचाइः ३०० मिटर
- सबभन्दा बढी उचाइः १५०० मिटर
- कूल क्षेत्रफलः १८४.२९ वर्ग कि.मि. (१८४२९ हेक्टर)

**नगरपालिकाको सिमाना**

- पूर्वः गोरखा र लमजुङ जिल्ला
- पश्चिमः व्यास नगरपालिका
- उत्तरः लमजुङ जिल्ला
- दक्षिणः बन्दिपुर गाउँपालिका र गोरखा जिल्ला

**राजनैतिक एवं प्रशासनिक विभाजन**

- प्रदेशः गण्डकी
- जिल्लाः तनहुँ
- जिल्ला सदरमुकामः दमौली बजार
- नगर कार्यपालिकाको कार्यालयः भानु -१, भन्सार (अस्थाई)
- वडा सङ्ख्याः १३

### २.१.२ जनसांख्यिक अवस्था

२०७८ सालको राष्ट्रिय जनगणना बमोजिम भानु नगरपालिकाको कूल जनसंख्या ४२७९४ मा महिला २३२७७ (५४.४%) र पुरुष १९५१७(४५.६%) रहेको छ । त्यसैगरी भानुमा कूल घरसंख्या १२७०५ रहेको छ । भानु नगरपालिकाको जनघनत्व २३५.०८ मानिस प्रति वर्ग किलोमिटर छ भने लैङ्गिक अनुपात ८३.८५ रहेको छ । नगरपालिकाको औसत घर धुरी आकार ३.३७ छ । पालिकाका सबै वडामध्ये सबभन्दा बढी जनसङ्ख्या वडा नं. १ (४३८५) मा रहेको छ भने, वडा नं. १३ (२४५३) मा सबैभन्दा कम जनसङ्ख्या छ। यस पालिकाको कूल जनसङ्ख्याको ३.२ प्रतिशतमा अपाङ्गता रहेकोमा पुरुष ३.७ प्रतिशत र महिला २.८ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

**तालिका १: जनसङ्ख्याको वडागत वितरणको अवस्था**

| वडा नम्बर | घर धूरी | पुरुष | महिला | जम्मा | औसत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ११८३ | २१०८ | २२७७ | ४३८५ | ३.३७ | ८३.८५ |

| वडा नम्बर | घर धूरी | पुरुष | महिला | जम्मा | औसत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| २ | ९३२ | १५२६ | १७०१ | ३२२७ | ३.७१ | ९२.५८ |
| ३ | ११२० | १८०३ | २१३० | ३९३३ | ३.४६ | ८९.७१ |
| ४ | ९५६ | १३९२ | १७२३ | ३११५ | ३.५१ | ८४.६५ |
| ५ | ९०० | १३५४ | १६७२ | ३०२६ | ३.२६ | ८०.७९ |
| ६ | ८७२ | १३९५ | १६७२ | ३०६७ | ३.३६ | ८०.९८ |
| ७ | ८६३ | १२३० | १५८७ | २८१७ | ३.५२ | ८३.४३ |
| ८ | १०६६ | १६१८ | १९१८ | ३५३६ | ३.२६ | ७७.५० |
| ९ | १०७० | १६३६ | १९१६ | ३५५२ | ३.३२ | ८४.३६ |
| १० | ९८९ | १५०३ | १८१७ | ३३२० | ३.३२ | ८५.३९ |
| ११ | १०८६ | १६१३ | १९६४ | ३५७७ | ३.३६ | ८२.७२ |
| १२ | ९३० | १२३१ | १५५५ | २७८६ | ३.२९ | ८२.१३ |
| १३ | ७३८ | ११०८ | १३४५ | २४५३ | ३.०० | ७९.१६ |
| **जम्मा** | **१२७०५** | **१९५१७** | **२३२७७** | **४२७९४** | **३.३७** | **८३.८५** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको ५९.८८ प्रतिशत छ । यो उमेर समूहलाई नगरपालिकाले विशेष योजनाकासाथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी नगरपालिका विकासमा ठूलो फड्को मार्ने अवसर रहेकोछ ।

उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई बैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । यसरी नगरपालिकाको समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।

**तालिका २: भानु नगरपालिकाको उमेर समूह अनुसारको जनसङ्ख्या विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ९५+ | ८ | २३ | ३१ | ०.०७ |
| ९०-९४ | ४२ | ४१ | ८३ | ०.१९ |
| ८५-८९ | १२२ | ११५ | २३७ | ०.५५ |
| ८०-८४ | २११ | २४० | ४५१ | १.०५ |
| ७५-७९ | ४१७ | ४८६ | ९०३ | २.११ |
| ७०-७४ | ७०४ | ८०६ | १५१० | ३.५३ |
| ६५-६९ | ८८५ | १००६ | १८९१ | ४.४२ |
| ६०-६४ | १०२१ | १२४५ | २२६६ | ५.३० |
| ५५-५९ | ११०१ | १२७० | २३७१ | ५.५४ |
| ५०-५४ | ११६१ | १४६७ | २६२८ | ६.१४ |
| ४५-४९ | ९५६ | १३६२ | २३१८ | ५.४२ |
| ४०-४४ | १०५९ | १४३० | २४८९ | ५.८२ |

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ३५-३९ | १११५ | १६४१ | २७५६ | ६.४४ |
| ३०-३४ | ११७८ | १७७८ | २९५६ | ६.९१ |
| २५-२९ | १३०८ | १९२६ | ३२३४ | ७.५६ |
| २०-२४ | १३३४ | १८८५ | ३२१९ | ७.५२ |
| १५-१९ | १८२४ | १८२९ | ३६५३ | ८.५४ |
| १०-१४ | १८५८ | १८६१ | ३७१९ | ८.६९ |
| ०५-०९ | १७३८ | १५२६ | ३२६४ | ७.६३ |
| ००-०४ | १४७५ | १३४० | २८१५ | ६.५८ |
| **जम्मा** | **१९५१७** | **२३२७७** | **४२७९४** | **१००.००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

भानु नगरपालिकाको भू—उपयोगको अवस्था हेर्ने हो भने ५१.३३ प्रतिशत (९४५९ हेक्टर) भू—भाग खेति योग्य कृषि जमिन रहेको छ । यस ठाउँमा कृषि/पशुपालनमा संलग्न जनसङ्ख्या ५०.०१ प्रतिशत रहेको छ जसमध्ये महिला ५६.९ प्रतिशत र पुरुष ४३.९ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

**तालिका ३ः भानु नगरवासीको आर्थिक क्रियाकलापमा संलग्नता विवरण**

| पेशागत सम्लग्नता | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| सैनिक/प्रहरी | ०.७ | १.२ | ०.१ |
| व्यवस्थापक | ५.१ | ६.६ | ३.५ |
| व्यावसायिक काममा संलग्न | ३.८ | ४.३ | ३.२ |
| प्राविधिक काममा संलग्न | १.९ | २.३ | १.४ |
| कार्यालय सहयोगीका रूपमा संलग्न | १.३ | १.४ | १.२ |
| व्यापार/व्यवसायमा संलग्न | ५.८ | ७.१ | ४.४ |
| कृषि/पशुपालनमा संलग्न | ५०.१ | ४३.९ | ५६.९ |
| हस्तकलासँग सम्बन्धित काममा संलग्न | ५.६ | ८.७ | २.१ |
| उद्योग तथा मशिनरी सामान सञ्चालन सम्बन्धित काममा संलग्न | २.७ | ४.९ | ०.३ |
| आधारभूत/ अर्धदक्ष कामदार | २३ | १९.४ | २६.९ |

नगरपालिकामा अन्न बाली ८७५० हे. मा लगाइन्छ जसमा सबैभन्दा बढी मकै खेती ४०७५ हे. (उत्पादन १४५९४ टन) त्यसपछि क्रमशः धान खेती ३१७५ हे. (उत्पादन १२३६६ टन) कोदो खेती १५०० हे. (उत्पादन १८०० टन), र मास खेती ६८६ हे. (उत्पादन १०२९ टन) रहेको छ । दलहन बालीमा मास, बोडी, सिमी, मस्याङ् र मुसुरो, तेलहन बालीमा तोरी, सूर्यमुखी, तरकारी बालीमा आलु, प्याज, काउली, भण्टा, बन्दा, गोलभेडा, रामतोरीया, साग लगायत (५४० हे. क्षेत्रफल- उत्पादन ७१०६ टन), मसला बालीमा अदुवा, बेसार,

लसुन, खुर्सानी, फलफूल खेतीमा केरा, सुन्तला, नास्पाती, आँप, भुइकटहर, कफी, अलैंची लगायत रहेको छ (भानु नगरपालिकाको कृषि शाखा, २०७९) ।

**तालिका ४: भानु नगरपालिकाको भू उपयोग स्थिति**

| क्र.सं. | भू उपयोगको प्रकार | क्षेत्रफल व.कि.मि. | क्षेत्रफल हेक्टर | प्रतिशत |
|---|---|---|---|---|
| १ | संरचना क्षेत्र | ३.६३ | ३६३ | १.९७ |
| २ | कृषियोग्य जमिन | ९४.५९ | ९४५९ | ५१.३३ |
| ३ | वन/जङ्गल क्षेत्र | ७९.०६ | ७९०६ | ४२.९ |
| ४ | खुल्ला क्षेत्र | ०.०३ | ३ | ०.०२ |
| ५ | सडक क्षेत्र | ४.६३ | ४६३ | २.५१ |
| ६ | बगर क्षेत्र | ०.३९ | ३९ | ०.२१ |
| ७ | पानीले ओगटेको क्षेत्र | १.९७ | १९७ | १.०७ |
| | **जम्मा** | **१८४.२९** | **१८४२९** | **१००** |

समुद्र सतहदेखि ३००-१५०० मी. को उचाइसम्म रहेको यस पालिकामा कृषि जन्य उत्पादनको विविधताको सम्भावना दर्शाउँछ जसमा अन्न बाली, नगदे बाली, तरकारी बाली एवं सुन्तला जन्य फलफूल र अन्य फलफूलको राम्रो उत्पादन लिन सकिन्छ । त्यसैगरी पशु पन्छी तर्फ गाई, भैंसी, बाखा र कुखुरा पालनको व्यवसाय गर्न सकिने सम्भावना छ । प्राविधिक ज्ञान र सीप, प्रविधि, सिँचाई, पूँजी र बजारको यथोचित व्यवस्थापन गर्ने हो भने यस क्षेत्रमा ३ गुणा उत्पादन बढाउन सकिने देखिन्छ । कृषि क्षेत्रबाट आर्थिक विकास गर्नलाई यहाँको कृषि प्रणालीलाई वैज्ञानिक कृषि प्रणालीमा रूपान्तरण गर्नु आवश्यक छ । त्यसको लागि पालिकाले कृषिको समग्र अवस्थाको अध्ययन गरी योजना तर्जुमा गर्न जरुरी हुनेछ ।

भानु नगरपालिकामा कूल खेती योग्य ९४५९ हेक्टर जमिन मध्ये ३९९४ हेक्टर जमिनमा सिँचाइको पानी उपलब्ध हुने गरेकोमा १९९४ हेक्टर जमिनमा वर्षभरी सिँचाइको पानी उपलब्ध हुने गरेको तथ्याङ्कले देखाउँछ । नगरपालिकामा दर्जन बढी विभिन्न स्थानीय कुलोहरूबाट सिँचाइको प्रबन्ध भइरहेको तथा यस बाहेक पनि परम्परागत निजी कुलोहरू माफर्त पनि सिँचाइ सुविधा विस्तार गरिएको छ । फाँउदी खोला सिँचाइ र चुँदी खोला सिँचाइ भानुका रणनीतिक सिँचाइ आयोजनाका रूपमा प्रस्ताव गरिएका छन् ।

नगरपालिकाका कृषकहरूले गर्दै आएको कृषि कर्ममा विभिन्न रोग कीराको प्रकोप समेत खेप्दै आएको देखिन्छ । बाली विशेष अनुसार विभिन्न रोगको समस्या देखा परेको छ । यस पालिकामा स्थानीय स्रोत पर्याप्त भएपनि समुचित परिचालन नगर्ने गरेको देखिन्छ । यसलाई बढावा दिनु जरुरी देखिन्छ । डढुवा रोग, ओइल्याउने रोग, ढुसी आदिलाई स्थानीय प्रविधि अनुरूप सहजै व्यवस्थापन गर्न सकिने तर फौजी किरा, बाँदर आदिलाई मात्र स्थानीय प्रविधिले राम्रो काम गर्न नसकिने हुन्छ ।

## २.२.२ पर्यटन तथा संस्कृति

भानु नगरपालिकामा पर्यटन विकासको ठूलो सम्भावना रहेकोछ । जयपानी पिकनिक स्पोर्ट, आदिकवि भानुभक्त जन्मस्थल, सहिद बुद्द सिं स्मारक पार्क, चिटि खोला यल्लो पार्क, तामाचुली गढी, सुन्दर पोखरी, ढाँड पोखरी, भ्यू टावर, मिर्लुङ कोट तथा थानीमाई मन्दिर यहाँका प्रमुख पर्यटकीय आकर्षण हुन् । यसका अलावा यस नगरपालिकामा ३३४ बढी धार्मिक पर्यटकीय स्थलहरू (मन्दिर, मस्जिद तथा गुम्बा) रहेका छन् । विशेष गरी ऐतिहासिक मन्दिर, ताल, सामुदायिक वन क्षेत्र, संग्रहालय, रिसोर्ट र रेस्टुरेन्टको प्रवर्द्धन मार्फत नगरपालिकाले पर्यटनलाई बढावा दिइरहेको देखिन्छ । पालिकाको तथ्याङ्कअनुसार नगरपालिकामा रहेका तीन दर्जन बढी पर्यटकीय स्थलहरूमा वार्षिक रूपमा करिब ५०००० जना पर्यटकहरूले भ्रमण हुने गरेको अनुमान छ । भानु नगरपालिकामा हाल सम्म आधा दर्जन पर्यटकीय स्तरको होटेल सञ्चालन अवस्थामा पालिका भ्रमणमा आउने पर्यटकका सेवाका लागि दुई दर्जन बढी साधारण होटेल र एक दर्जन बढी होम स्टे रहेका छन् ।

भानु स्थानीय साँस्कृतिक सम्पदाको धनी छ । यहाँ मनाइने चाडपर्वमा दशैं तिहार ल्होसार जनैपूर्णिमा चैते दशैं कृष्णाष्टमी शीवरात्री माघे संक्रान्ती होली ठूलो एकादशी आदि महत्वपूर्ण छन् । यहाँ सबैभन्दा बढी हिन्दू सम्प्रदायको वसोबास रहेको छ । यो नेपालका प्रख्यात कवि तथा राष्ट्रिय विभुति आदिकवि भानुभक्त आचार्यको जन्मथलो भएको स्थान पनि हो । यहाँ भानु जन्मस्थल संग्राहलय पनि रहेको छ । त्यसैगरी नेपालका दोस्रो प्रधानमन्त्री रंगनाथ पौडेलको जन्मथलो मैवलकोट पनि यहिं रहेको छ । त्यसैगरी थानीकोट थानीमाई मन्दिर मिर्लुङ्गकोट कृपेश्वर महादेव मन्दिर कोटगाउँ थाक्रेक कालीका मन्दिर पञ्चमन्दिर चोककोट पूर्कोट गढीमाई नाबरुङ् कालिका र तनहुँसुर दरबार आदि यहाँका ऐतिहासिक र साँस्कृतिक सम्पदाहरू रहेका छन् । भानु नगरपालिकाले भानु साहित्यिक कोरिडोर तथा मिर्लुङकोट पर्यटन प्रवर्द्धन कार्यक्रमलाई यहाँको रणनीतिक विकासमा अघि बढाउने सोच रहेको देखिन्छ ।

## २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

भानु नगरपालिकामा ३५० बढी उद्योग व्यवसायमा सञ्चालनमा रहेका भएतापनि पालिकामा जम्मा १८८ वटा मात्र दर्ता भएका छन् । भानु नगरपालिकामा जम्मा ३५० बढी उद्योग व्यवसायमा करिब ६०० जनाले रोजगारीको अवसर प्राप्त गरेको अनुमान गरिएको छ ।

| ३. व्यवस्थित भू—उपयोग र योजनाबद्ध विकासः | राष्ट्रिय भूउपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू उपयोग योजना तर्जुमा र—सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ। |
| ४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधारः | भूउपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तजुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । |
| ५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः | नगरपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ। |
| ६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः | पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी गरिनेछ । कृषि, पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इञ्जिनियरिङ्ग जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ । |

| | |
|---|---|
| ७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन | सुशासन, विकास र समृद्धि देश विकासको अवको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूवसर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ । |
| ८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः | विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ । |
| ९ वन र वन पैदावारको यथोचित उपयोगस् | यस नगरपालिकामा प्रसस्त वनपैदावर र जटिवुटि रहेको हुनाले तिनीहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिने छ । |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्धेश्यहरू, नेपालको दीर्घकालीन सोच र गण्डकी प्रदेश सरकारको आवधिक विकास योजनाले लिएका देहाय वमोजिमका आ—आफ्ना दिर्घकालीन सोच, लक्ष्य र उद्धेश्य संग तादम्यता भानु नगरपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । नगर कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा भानु नगरपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

**दीर्घकालीन सोच**

**"साहित्य, पर्यटन, कृषि क्षेत्र हाम्रोः पारौं समृद्ध र समुन्नत भानु राम्रो"**

**लक्ष्य**

"स्वस्थ, शिक्षित, साहित्यिक, उद्यमशील, व्यावसायिक, सभ्य र सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, व्यवस्थित, समावेशी र समृद्ध भानु नगरपालिका"

**उद्देश्य**

१. उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु,
२. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्म सम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु,
३. आवास, बजार, भौतिक सुविधा तथा अन्तर—आबद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु,

४. पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु, र
५. सहज सेवा प्रवाह, नतिजामूखी विकास र सुशासन कायम गर्न आधारभूत पक्षलाई शिरोधार्य गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

**तालिका १७: अपेक्षित परिमाणात्मक उपलब्धि**

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल आ.व. २०७५/७६ | गण्डकी प्रदेश आ.व. २०७५/७६ | भानु नगरपालिका आ.व.२०७८/७९ | नेपाल आ.व. २०८०/८१ | गण्डकी प्रदेश आ.व. २०८०/८१ | भानु नगरपालिका आ.व.२०८४/८५ |
| **क** | **समष्टिगत गन्तव्य तथा सूचक** | | | | | | | |
| १ | मानव विकास सूचकाङ्क* | सूचकाङ्क | ०.५७९ | ०.५९ | ०.६१ | ०.६२४ | ०.६५ | ०.६७ |
| २ | औसत आयु* | वर्ष | ६९.७ | ७१.४ | ७२ | ७२ | ७७ | ७५ |
| ३ | वार्षिक प्रति व्यक्ति आय* | अमेरिकी डलर | १०४७ | १०४३ | १२५० | १५९५ | १९५६ | १८०० |
| ४ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ६७ | ७७.५ | ९० | ९५ | ८५ |
| ५ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९ | ७ | ६ | ४ | २ |
| ६ | निरपेक्ष गरिबी | प्रतिशत | २८.६ | १४.२ | १२ | १३ | ७.३ | ३ |
| ७ | आर्थिक रूपले सक्रिय जनसंख्या | प्रतिशत | ५६.९ | ५७ | ५९.८८ | ६० | ६६ | ६२ |
| ८ | विपद् बाट हुने वार्षिक क्षति रकम | रू. लाखमा | | | १००० | | | १०० |
| **ख** | **विषय क्षेत्रगत गन्तव्य सूचक** | | | | | | | |
| १ | खाद्यान्न बाली उत्पादकत्व | मे.ट. प्रति हेक्टर | २.९ | २.७ | ३.१ | ४ | १९.९ | ६ |
| २ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ८२.७ | ९९ | ९९ | १०० | १०० |
| ३ | विधुत उत्पादन क्षमता | मे.वा. | १०७४.१ | ४४८.५ | ५० | ५००० | १५०० | ५० |
| ४ | सिँचित क्षेत्र | प्रतिशत | | | ४२.२ | | | ५० |
| ५ | सडक निर्माण लम्बाइ (कच्ची, पक्की, धूलो) | कि.मि | ६७१४१ | १०९२१ | २८४१ | | १३४०३ | ३००० |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल आ.व. २०७५/७६ | गण्डकी प्रदेश आ.व. २०७५/७६ | भानु नगरपालिका आ.व.२०७८/७९ | नेपाल आ.व. २०८०/८१ | गण्डकी प्रदेश आ.व. २०८०/८१ | भानु नगरपालिका आ.व.२०८४/८५ |
| ६ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | | | २९.७४ | | | ९५ |
| ७ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष) | प्रतिशत | ८५ | ९५ | ९८.३ | ९९ | ९९ | १०० |
| ८ | विद्यालय (सामुदायिक र संस्थागत) | संख्या | | | ७१ | | | ७० |
| ९ | खुद भर्ना दर (आधारभूत तह) | प्रतिशत | ९२.३ | ९४.८ | ९६.६ | ९९.५ | ९९ | ९९ |
| १० | खुद भर्ना दर (माध्यमिक तह) | प्रतिशत | ४३.९ | ४४.७ | ५८.१ | ६५ | ६० | ८० |
| ११ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | | | १ | | | ० |
| १२ | बाल मृत्युदर (प्रति हजार जिवित जन्म) | जना | ३९ | २७ | ० | २४ | २२ | ० |
| १३ | तौल कम भएका बालबालिका (५ वर्ष मुनी) | प्रतिशत | २७ | १४.९ | ० | १५ | ८ | ० |
| १४ | आधारभूत स्तर खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८९ | ९१.१ | ९९ | ९९ | १०० | १०० |
| १५ | बैंक तथा वित्तीय संस्थाको शाखा | संख्या | १३७७९ | १४७० | २६ | | १८३७ | ३० |
| १६ | जमिनमा महिलाको स्वामित्व हुने परिवार | प्रतिशत | - | - | १२.६ | - | - | २० |

## ३.७ रणनीति तथा प्राथमिकता

**तालिका १८: भानु नगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू**

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १: उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु ।** | |
| १.१: प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| १.२: विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ ।<br>२. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br>४. कृषि तथा पशु जन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |
| **उद्देश्य २: गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्मसम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु ।** | |
| २.१: शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | १. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. खुला दिशामुक्त नगर कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई नगरपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ । |
| **उद्देश्य ३: आवास, बजार, भौतिक सुविधा तथा अन्तर–आबद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु ।** | |
| ३.१: गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>२. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।<br>३. सडकको स्तरोन्नत्ति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँट गरिनेछ । |
| **उद्देश्य ४: पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु ।** | |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **४.१ः** वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>२. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको भानु नगरपालिका बनाउने नीति अवलम्बन गरिनेछ ।<br>३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ । |
| **उद्देश्य ५ः सहज सेवा प्रवाह, नतिजामूखी विकास र सुशासन कायम गर्न आधारभूत पक्षलाई सिरोधार्य गर्नु ।** | |
| **५.१ः** सुशासन सम्बन्धी नीति गत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>२. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>३. नगरपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>४. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ।<br>५. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>६. समावेशी सामाजिक संरचनाका माध्यमबाट नगरपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>७. नगरपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी नगरपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ । |

### ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

तालिका १९: लगानी प्रक्षेपण

| क्र.सं. | आ.व. | अपेक्षित आर्थिक वृद्धि दर | अपेक्षित गार्हस्थ उत्पादन (रु हजारमा) | प्रक्षेपित लगानी (रु हजारमा) |
|---|---|---|---|---|
| १ | ०८०/८१ | ५ | १४३५२१४ | १३६६८७० |
| २ | ०८१/८२ | ५.५ | १६९६६५१ | १६०८२०० |
| ३ | ०८२/८३ | ६ | १९०१३८६ | १७९३७६० |
| ४ | ०८३/८४ | ६.५ | २०५१३३९ | १९२६१४० |
| ५ | ०८४/८५ | ७ | २२७५७५१ | २१२६८७० |
| योजना अवधिमा हुने कूल प्रक्षेपित लगानी | | | | ८८२१८४० |

तालिका २०: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा संघीय सरकार) क्षेत्र | ७३०५३३२ | ८२.८१ |
| २ | सहकारी क्षेत्र | १५०००० | १.७० |
| ३ | निजी क्षेत्र | २६६५०८ | ३.०२ |
| ४ | गै.स.स. | २००००० | २.२७ |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | ३००००० | ३.४० |
| ६ | अन्तर स्थानीय तह साझेदारी | ६००००० | ६.८० |
| कूल | | ८८२१८४० | १००.०० |

तालिका २१: नगरपालिकाको आय अनुमान (रू. हजारमा)

| क्र. सं. | बजेट कोड | विवरण | २०७८/७९ को यथार्थ | आय प्रतिशत | २०७९/८० को अनुमान | २०८०/८१ को प्रक्षेपित | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२१२२ | नगद मौज्दात | २६९८१८ | **२७.९२** | २३२१८१ | २५५३९९ | २८०९३९ | ३०९०३३ | ३३९९३६ | ३७३९३० |
| २ | | आन्तरिक राजस्व | ३६७०० | **३.८०** | २६००० | २९९०० | ३४३८५ | ३९५४३ | ४५४७४ | ५२२९५ |
| ३ | १३३११ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १४८३०० | **१५.३५** | १५६५०० | १७२१५० | १८९३६५ | २०८३०२ | २२९१३२ | २५२०४५ |
| ४ | १३३१२ | सशर्त अनुदान चालु (संघीय सरकार) | ३४३६६१ | **३५.५६** | ४१४३०० | ४५५७३० | ५०१३०३ | ५५१४३३ | ६०६५७७ | ६६७२३४ |
| ५ | ११४११ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | १७१०९ | **१.७७** | १२५७६३ | १३८३३९ | १५२१७३ | १६७३९१ | १८४१३० | २०२५४३ |
| ६ | १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १००९१० | **१०.४४** | १८८९० | २०७७९ | २२८५७ | २५१४३ | २७६५७ | ३०४२३ |
| ७ | १३३१३ | सशर्त अनुदान (प्रदेश सरकार) | १७८१० | **१.८४** | ९९०० | १०८९० | ११९७९ | १३१७७ | १४४९५ | १५९४४ |
| ८ | ११४५६ | राजस्व बाँडफाट (प्रदेश सरकार) | ७४०० | **०.७७** | १२२१५ | १३४३७ | १४७८० | १६२५८ | १७८८४ | १९६७२ |
| ११ | १३३१७ | समपुरक अनुदान (संघ) | १००८७ | **१.०४** | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१० | ३५४३१ |
| १२ | १३३१७ | समपुरक अनुदान (प्रदेश) | ० | **०.००** | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ |
| १३ | १३३१७ | विशेष अनुदान (संघ) | ४७८९ | **०.५०** | १५०० | १६५० | १८१५ | १९९७ | २१९६ | २४१६ |
| १४ | १३३१७ | विशेष अनुदान (प्रदेश) | ९८४५ | | ० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ |

| क्र. सं. | बजेट कोड | विवरण | २०७८/७९ को यथार्थ | आय प्रतिशत | २०७९/८० को अनुमान | २०८०/८१ को प्रक्षेपित | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | जनसहभागिता | ० | | | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ |
| | | जम्मा | ९६६४२९ | १००.०० | १०२९२४९ | ११९३४७४ | १३१४३१६ | १४४७४६७ | १५९४१९१ | १७५५८८४ |
| कूल अनुमानित आय | | | | | ७३०५३३२ | | | | | |

### ३.९ नगर गौरवका आयोजनाहरू

तालिका २२: नगर गौरवका आयोजनाहरू

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **नगर गौरव योजना** | | | | | | | | | |
| १ | फाँउदी खोला बहुउदेश्यीय आयोजना | एकमुष्ठ | | १ | १४००००० | | | | | ४३०००० |
| २ | भानु नगर स्तरीय शीत भण्डार निर्माण | संख्या | | १ | | | | | | १००००० |
| ३ | आदिकवि भानुभक्त साहित्यिक पर्यटकीय तिर्थस्थल अध्ययन अनुसन्धान केन्द्र | एकमुष्ठ | | | | | | | | १००००० |
| ४ | साहित्यिक कोरिडर निर्माण (भानु क्षेत्र विकास) | एकमुष्ठ | | | | | | | | २३०००० |
| ५ | कर्स्याङ मिर्लुङकोट पर्यटकीय जलासय विकास आयोजना | एकमुष्ठ | | १ | | | | | | ४४०००० |
| ६ | थानीमाई धार्मिक पर्यटन पूर्वाधार विकास | एकमुष्ठ | | | | | | | | १००००० |
| | **नगर गौरवको योजनाको जम्मा** | | | | २८०००० | २५०००० | २००००० | २५०००० | ४२०००० | १४००००० |

# परिच्छेद ४: आर्थिक क्षेत्र

आर्थिक क्षेत्र भानु नगरपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार हो । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिंचाई, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतीक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शुन्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस नगरपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ । भानु नगरपालिकाले लगानी, उत्पादन र रोजगारीमा वृद्धि, जिवन्त अर्थतन्त्र भानुको सम्वृद्धि भन्ने दूरदृष्टिका साथ अघि बढ्ने अठोट गरेको देखिन्छ ।

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई मुर्तरुप दिन संवैधानिक व्यवस्था, संघ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस नगरपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र पर्यटन, कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, सहकारी एवं कृषि पर्यटन रहेका छन् ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

भानु नगरपालिका मुख्यता कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको नगरपालिका हो । यहाको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय नै रहेको देखिन्छ । भानु नगरपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, सुन्तला, तरकारी, सिमी, मास, पशुपालन, दुध तथा मह उत्पादन आदिले मुख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ ।

नगरपालिका क्षेत्रका करिब ५० प्रतिशत भन्दा बढी जनसङ्ख्या कृषि तथा पशु पालन पेशामा संलग्न रहेको देखिन्छ । उपजको उत्पादन वा बिक्री गरिरहेका देखिन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस नगरपालिकाको खेतीयोग्य भूमि ५१.३३ प्रतिशत रहेकोकाले उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । सुन्तला लगायत अमिलो प्रजातिका फलफूलका लागि भानु निकै उत्पादनशील छ । फलफूल, तरकारी, दुध तथा मासु निर्यात बापत नगरपालिकालाई वार्षिक

करोडौं आम्दानी हुने गरेको छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै भानुलाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी नगरपालिका क्षेत्रमा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनकोलागि सहयोग पुग्ने देखिन्छ ।

## ४.१.२ समस्या तथा चुनौती

यस नगरपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय विउविजन, मलखाद एवं औषधीहरूको अभाव तथा विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट बाली उत्पादनमा भैरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइ पर्याप्त उपलब्धता जस्ता समस्या, व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर (विशेष गरी सुन्तला, आलुका लागि) को सुविधा नहुनुबाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ भने अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाइन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, सङ्कलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ । स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, विक्री वितरण गर्न यातायात तथा

ढुवानीको समस्या तथा श्रम एवं लागत बढी पर्ने, उन्नत जातको गाई भैंसी, बाख्रापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु पनि समस्याको रूपमा रहेको छ ।

### ४.१.३ सम्भावना तथा अवसर

भानु नगरपालिका कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत खाद्यान्नमा आत्म निर्भर बन्दै तरकारी, फलफूल तथा पशुजन्य उत्पादनबाट प्रसस्त मूनाफा आर्जन गर्न सक्ने प्रचुर सम्भावना बोकेको पालिका हो । रैथाने जातका खाद्यान्न वालिहरू जस्तो धान, मकै, सिमी, कोदो, कागती, कफी, अदुबा, बेसार र केरा खेती उत्पादनलाई व्यावसायिक रूपले उत्पादन गर्न सकिने सम्भावना छ । रैथाने बाली तथा फलफूल खेतीको लागि उपयुक्त हावापानी रहेको छ । मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रचुर सम्भावना रहेको छ । उच्च मुल्य जाने बेमौसमी तरकारीको विउ लगायत बालीको पकेट क्षेत्रको बिस्तार र प्रवर्द्धन गर्न सकेको खण्डमा कृषिको व्यावसायिकता एवं दिगो खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । यसका अतिरिक्त यहाँका ठूला फाँटहरूमा चक्लाबन्दी गरी व्यवस्थित खेती तथा बजारीकरण गर्न सके यहाँको आर्थिक अवस्थामा समेत ज्यादै ठूलो सहयोग पुग्ने देखिन्छ ।

नगरपालिकामा माछापालन, मौरी, बंगुर तथा वाख्रापालनको प्रशस्त सम्भावना छ । खासगरी नगरपालिकाका क्षेत्रमा प्रशस्तै मात्रामा चरनको सुविधा भएको हुनाले पशुपंक्षी पालनलाई व्यावसायिक रूपमा गर्न सकेमा पशुपालकहरूलाई मनग्य आम्दानी हुने देखिन्छ । पशुपालनको तथ्याङ्कलाई हेर्दा खसी, बोका, बुंगुर, कुखराको स्थानीय बजारमा खपत भई निर्यात समेत हुने गरेको छ । गाई तथा वंगुर पालन गरेमा मासु तथा दुधजन्य पदार्थहरू देशका ठूला बजारहरू समेतको मागलाई पुरा गर्न सकिने राम्रो अवसर रहेको छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषिको आधुनिकीकरण एवम् व्यावसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पर्धी र निर्यात मुखी बनाउने ।

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी भानुको निर्यात प्रवर्द्धन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।

३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २३ः कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी भानुको निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **१.१ः** कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र आधुनिकीकरण गर्ने । | १. स्थानीय वीउ–विजन, वेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>२. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>४. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ।<br>६. ठूला फाँटहरूमा चक्लाबन्दी गरी बृहद एकीकृत खेती सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| **२.१ः** तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ। |
| **उद्देश्य ३ः जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।** | |

| | |
|---|---|
| **३.१ः** जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. रासायनिक मल, विषदीको प्रयोग घटाउदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ ।<br>६. वन्यजन्तुबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका लागि उपयुक्त समाधानका उपाय खोजिनेछ । |
| **उद्देश्य ४ः पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु।** | |
| **४.१ः** कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लाक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यावसायिक पशुपन्छी पालनका साथै माछा पालन तथा मौरी पालनकालागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

### ४.१.५ कार्यक्रम तथा आयोजना

**तालिका २४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना**

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| कृषि | | | | | | | | | | | | |
| १ | **च्यक्लाबन्दी कार्यक्रम** | | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | **५००००** | प्रदेश | |
| २ | **भूमि बैंक स्थापना** | | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | नगरपालिका | |
| ४ | **एक वडा एक कृषि उपज चिनारी कार्यक्रम** | पटक | | **१३** | ३००० | ६००० | ९००० | ९००० | १२००० | **३९०००** | नगरपालिका | |
| ५ | जैविक, प्रांगारिक मल तथा जैविक विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | रोपनी | | ३०० | १००० | १५०० | २००० | २५०० | ३००० | **१००००** | नगरपालिका | |
| ६ | माटो परिक्षण कार्यक्रम | पटक | | **५** | १००० | १००० | १००० | १००० | १००० | **५०००** | नगरपालिका | सवै वडाहरुमा |
| ७ | तरकारी पकेट क्षेत्र कार्यक्रम | पटक | | **१३** | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | नगरपालिका | |
| ८ | लसुन, प्याज र गोलभेडा विकास कार्यक्रम | पटक | | ५ | ४५० | ५०० | ५५० | ६०० | ७५० | **२८५०** | नगरपालिका | |
| ९ | बेमौसमी तरकारी र दलहन पकेट क्षेत्र विकास कार्यक्रम | पटक | | **५** | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | नगरपालिका | |
| १० | आलु पकेट क्षेत्र विकास कार्यक्रम | पटक | | **५** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| ११ | कागति र सुन्तलाको पकेट क्षेत्र कार्यक्रम | पटक | | **५** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| १२ | हिउँदे र वर्षे फलफूलकको विरुवा वितरण कार्यक्रम | पटक | | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | **२०००** | नगरपालिका | |
| १३ | कृषकहरुलाई प्लास्टिक टनेल वितरण कार्यक्रम | जना | | **२५०** | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| १४ | मौसमी र वेमौसमी तरकारीको मिनिकिट वितरण कार्यक्रम | पटक | | **१३** | १००० | १००० | १००० | १००० | १००० | **५०००** | नगरपालिका | |
| १५ | च्याउखेति विकास कार्यक्रम कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| १६ | कृषकहरुलाई कृषि यान्त्रिकरण सामाग्रि वितरण कार्यक्रम | पटक | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** | नगरपालिका | |
| १७ | मसलाबाली विकास कार्यक्रम, विउ वितरण सहयोग, कृषक तालिम | रोपनी | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ६०० | **२६००** | नगरपालिका | अदुवा बेसार |
| १८ | आधुनिक घारमा मौरी पालन कार्यक्रम | घार | | १००० | ५५० | ५५० | ५५० | ५५० | ५५० | **२७५०** | नगरपालिका | |
| १९ | बहुउद्देश्यीय कृषि, फलफुल तथा जडीवुटी नर्सरी स्थापना र संचालन | संख्या | | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| २० | फलफुल खाद्यान्न तथा वीउ भण्डारण गृह (१००० मे.ट.) | संख्या | | १ | | | | ५००० | ५००० | **१००००** | प्रदेश | |
| २१ | तरकारी तथा खाद्यान्न संकलन केन्द्र स्थापना | वडा | | **१३** | २००० | २००० | २००० | ४००० | ३००० | **१३०००** | नगरपालिका | |
| २२ | कृषि वजारीकरण प्रवर्द्धन कार्यक्रम | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | नगरपालिका | |
| २३ | कृषि बाली विमा कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| २४ | कृषक पेन्सन कार्यक्रम | एकमुष्ठ | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| २५ | कृषि व्यवसायिहरुको लागि अवलोकन भ्रमण कार्यक्रम | पटक | | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| २६ | **कृषक वर्गिकरण तथा परिचय पत्र वितरण (कृषक भत्ता)** | एकमुष्ठ | | | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | **१७५००** | प्रदेश/नपा | |
| २७ | कृषक सम्मान कार्यक्रम | पटक | | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | नगरपालिका | |
| **पशुपन्छी** | | | | | | | | | | | | |
| २८ | नश्ल सुधार, पशु ल्याव तथा पशु उपचार केन्द्र स्थापना, पशु पंक्षिलाई भ्याक्सिन कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | नगरपालिका | |
| २९ | उन्नत घाँसखेती विस्तार कार्यक्रम | रोपनी | | १५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | नगरपालिका | |
| ३० | बाख्रा, बंगुर/सुँगुर, कखुरा, गाईभैसी नमुना फर्म विकास र व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | नगरपालिका | |

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| ३१ | दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | | २ | | | | ५००० | ५००० | १०००० | नगरपालिका | |
| ३२ | माछापालन सहायता | संख्या | | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | नगरपालिका | |
| ३३ | पशु वधस्थल तथा मासु वजार विकास कार्यक्रम | संख्या | | २ | | | | १५०० | १५०० | ३००० | नगरपालिका | |
| ३४ | भकारो सुधार कार्यक्रम | पटक | | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | नगरपालिका | |
| ३५ | दक्ष जनशक्ति विकास कार्यक्रम, | जना | | २५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | (कर्मचारी र जन प्रतिनिधि सहित) |
| ३६ | औषधी तथा भ्याक्सिन खरिद | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ३७ | पशुपंक्षि सम्वन्धी स्थलगत तालिम | पटक | | १५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ३८ | पशु विमा कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ३९ | पशुव्यवसायिहरुको लागि अवलोकन भ्रमण | पटक | | ६ | ३०० | ३५० | ३५० | ४०० | ४०० | १८०० | नगरपालिका | |
| ४० | बाँदर व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | नगरपालिका | |
| ४१ | पशुसेवा सालवसाली कार्यक्रम | पटक | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | नगरपालिका | |
| | **कृषि तथा पशुपन्छीको जम्मा** | | | | **५०६००** | **५४२००** | **५७७५०** | **७१८५०** | **७४६००** | **३०९०००** | | |
| | | | | | | | | | | | | |

**तालिका २५: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

| कृषि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| १ | **च्यक्लाबन्दी कार्यक्रम** | | | **५००००** | १.१ | १ | ४ | ३ | २ | २ |
| २ | **भूमि बैंक स्थापना** | | | **२५०००** | १.१ | १ | ४ | ३ | २ | २ |

| कृषि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| ४ | **एक वडा एक कृषि उपज चिनारी कार्यक्रम** | पटक | १३ | ३९००० | १.१ | १ | ४ | ३ | २ | २ |
| ५ | जैविक, प्रांगारिक मल तथा जैविक विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | रोपनी | ३०० | १०००० | १.१ | २ | ३ | ३ | २ | २ |
| ६ | माटो परिक्षण कार्यक्रम | पटक | ५ | ५००० | १.१ | २ | ३ | ३ | ३ | २ |
| ७ | तरकारी पकेट क्षेत्र कार्यक्रम | पटक | १३ | ७५०० | १.१ | १ | ४ | ३ | २ | २ |
| ८ | लसुन, प्याज र गोलभेडा विकास कार्यक्रम | पटक | ५ | २८५० | १.१ | १ | ४ | ३ | २ | २ |
| ९ | बेमौसमी तरकारी र दलहन पकेट क्षेत्र विकास कार्यक्रम | पटक | ५ | ७५०० | १.१ | १ | ४ | ३ | २ | २ |
| १० | आलु पकेट क्षेत्र विकास कार्यक्रम | पटक | ५ | २५०० | १.१ | १ | ४ | ३ | २ | २ |
| ११ | कागति र सुन्तलाको पकेट क्षेत्र कार्यक्रम | पटक | ५ | २५०० | १.१ | १ | ४ | ३ | २ | २ |
| १२ | हिउँदे र वर्षे फलफूलकको विरुवा वितरण कार्यक्रम | पटक | १० | २००० | १.१ | १ | ४ | ३ | २ | २ |
| १३ | कृषकहरुलाई प्लास्टिक टनेल वितरण कार्यक्रम | जना | २५० | २५०० | १.१ | २ | ३ | ३ | २ | २ |
| १४ | मौसमी र वेमौसमी तरकारीको मिनिकिट वितरण कार्यक्रम | पटक | १३ | ५००० | १.१ | १ | ४ | ३ | २ | २ |
| १५ | च्याउखेति विकास कार्यक्रम कार्यक्रम | पटक | ५ | २५०० | १.१ | १ | ४ | ३ | २ | २ |
| १६ | कृषकहरुलाई कृषि यान्त्रिकरण सामाग्रि वितरण कार्यक्रम | पटक | ५ | १५००० | १.१ | २ | ३ | ३ | २ | २ |
| १७ | मसलाबाली विकास कार्यक्रम, विउ वितरण सहयोग, कृषक तालिम | रोपनी | ५०० | २६०० | १.१ | १ | ४ | ३ | २ | २ |
| १८ | आधुनिक घारमा मौरी पालन कार्यक्रम | घार | १००० | २७५० | १.१ | १ | ४ | ३ | २ | २ |
| १९ | बहुउद्देश्यीय कृषि, फलफुल तथा जडीवुटी नर्सरी स्थापना र संचालन | संख्या | १ | २५०० | १.१ | १ | ४ | ३ | २ | २ |

| कृषि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| २० | फलफुल खाद्यान्न तथा वीउ भण्डारण गृह (१००० मे.ट.) | संख्या | १ | १०००० | १.१ | २ | ३ | ३ | २ | २ |
| २१ | तरकारी तथा खाद्यान्न संकलन केन्द्र स्थापना | वडा | १३ | १३००० | १.१ | २ | ३ | ३ | २ | २ |
| २२ | कृषि वजारीकरण प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५००० | १.१ | २ | ३ | ३ | २ | २ |
| २३ | कृषि बाली विमा कार्यक्रम | पटक | ५ | २५०० | १.१ | २ | ३ | ३ | २ | २ |
| २४ | कृषि दक्ष जनशक्ति विकास कार्यक्रम | पटक | ५ | २५०० | १.१ | १ | ४ | ३ | २ | २ |
| २५ | कृषि व्यवसायिहरुको लागि अवलोकन भ्रमण कार्यक्रम | पटक | १ | २५०० | १.१ | २ | ३ | ३ | ३ | २ |
| २६ | **कृषक वर्गिकरण तथा परिचय पत्र वितरण (कृषक भत्ता)** | एकमुष्ठ | | १७५०० | १.१ | | | | | |
| २७ | कृषक सम्मान कार्यक्रम | पटक | १ | १५०० | १.१ | २ | ३ | ३ | २ | २ |
| | **पशुपन्छी** | | | | | | | | | |
| २८ | नश्ल सुधार, पशु ल्याव तथा पशु उपचार केन्द्र स्थापना, पशु पंक्षिलाई भ्याक्सिन कार्यक्रम | एकमुष्ठ | | ७५०० | १.१ | १ | ४ | ३ | २ | ३ |
| २९ | उन्नत घाँसखेती विस्तार कार्यक्रम | रोपनी | १५० | २५०० | १.१ | १ | ४ | ३ | २ | २ |
| ३० | बाखा, बंगुर/सुँगुर, कखुरा, गाईभैसी नमुना फर्म विकास र व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | ५००० | १.१ | १ | ४ | ३ | २ | ३ |
| ३१ | दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | २ | १०००० | १.१ | १ | ४ | ३ | ३ | ३ |
| ३२ | माछापालन सहायता | संख्या | १० | ५००० | १.१ | १ | ४ | ३ | २ | २ |
| ३३ | पशु वधस्थल तथा मासु वजार विकास कार्यक्रम | संख्या | २ | ३००० | १.१ | २ | ३ | ३ | २ | ३ |
| ३४ | भकारो सुधार कार्यक्रम | पटक | १ | १०००० | १.१ | २ | ३ | ३ | २ | ३ |
| ३५ | दक्ष जनशक्ति विकास कार्यक्रम, | जना | २५ | २५०० | १.१ | १ | ४ | ३ | ३ | ३ |

| कृषि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलवायू संकेत |
| ३६ | औषधी तथा भ्याक्सिन खरिद | पटक | ५ | २५०० | १.१ | २ | ३ | ३ | ३ | ३ |
| ३७ | पशुपंक्षि सम्वन्धी स्थलगत तालिम | पटक | १५ | २५०० | १.१ | १ | ४ | ३ | २ | ३ |
| ३८ | पशु विमा कार्यक्रम | पटक | ५ | २५०० | १.१ | २ | ३ | ३ | ३ | ३ |
| ३९ | पशुव्यवसायिहरुको लागि अवलोकन भ्रमण | पटक | ६ | १८०० | १.१ | २ | ३ | ३ | २ | ३ |
| ४० | बाँदर व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | ३००० | १.१ | | | | | |
| ४१ | पशुसेवा सालवसाली कार्यक्रम | पटक | ५ | १०००० | १.१ | २ | ३ | ३ | २ | ३ |
| | **कृषि तथा पशुपन्छीको जम्मा** | | | ३०९००० | | | | | | |

### ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका २६: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | नगरपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ४२ | ४२ | ४३ | ४३ | ४३ | ४३ | ४३ | नगरपालिका प्रोफाइल, कृषि, पशु विकास र स्वास्थ्य शाखाको प्रतिवेदन | कृषि, पशु र खाध्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने |
| **असर** | | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान) | मे. टन प्रति हेक्टर | ३.९ | ४ | ४.२ | ४.५ | ४.८ | ५ | ५ | | |

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन भएको हुनेछ । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (मकै) | मे. टन प्रति हेक्टर | ३.५ | ३.८ | ४.२ | ४.५ | ४.८ | ५ | ५ | | |
| | | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (कोदो) मे. टन प्रति हेक्टर | मे. टन प्रति हेक्टर | १.२ | १.३ | १.५ | १.८ | २ | २.५ | २.५ | | |
| | | दलहनको उत्पादकत्त्व - मास | मे. टन प्रति हेक्टर | १.२ | १.३ | १.५ | १.८ | २ | २.५ | २.५ | | |
| | | तेलहन को उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १.३ | १.३ | १.५ | १.८ | २ | २.५ | २.५ | | |
| | | आलु बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | २२ | २३ | २४ | २५ | २६ | २७ | २७ | | |
| प्रतिफल | निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रुपान्तरण हुनेछ । | ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | ९० | | |
| | | वर्षभरी सिँचाइ हुने खेतियोग्य जमिन | हे | १९५४ | २००० | २१०० | २२०० | २३०० | २५०० | २५०० | | |
| | | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | प्रतिशत | २ | ५ | ७.५ | १० | १२ | १५ | १५ | | |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | सहकारीमा आवद्ध कृषक | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | ६५ | | |
| | | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | ११ | १२ | १५ | १८ | २० | २५ | २५ | | |
| | | कृषिमा आधारित रोजगारी | सङ्ख्या | - | २५० | ५०० | ७५० | १००० | १२५० | १२५० | | |

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी बृद्धि हुनेछ । | कृषि तालिम प्राप्त जनशक्ति | जना | - | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | कोल्ड रूम (चिस्यान केन्द्र) | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | २ | ५ | ८ | १३ | १३ | १३ | १३ | | |
| | | टनेल | सङ्ख्या | ११५२ | १५०० | २००० | २५०० | ३००० | ३५०० | ३५०० | | |
| | | प्लाष्टिक पोखरी | सङ्ख्या | ५५ | १०० | १५० | २०० | २५० | ३०० | ३०० | | |
| | | कृषि प्राविधिक | जना | ३ | ५ | ७ | ११ | १३ | १३ | १३ | | |
| | व्यवसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | व्यवसायिक कृषि तथा पशुपालन फर्म | सङ्ख्या | ४८ | ६० | ७५ | ९० | १०५ | १२० | १२० | | |
| | | अण्डाको उत्पादकत्व | सङ्ख्या (हजारमा) | १२०० | १२५० | १३०० | १३५० | १४०० | १४५० | १४५० | | |
| | | दुधको उत्पादकत्व | लीटर (हजारमा) | १०८५० | ११००० | ११२५० | ११५०० | १२००० | १२५०० | १२५०० | | |
| | | मासुको उत्पादकत्व | मेट्रिक टन | १५०० | १६०० | १७०० | १८०० | १९०० | २००० | २००० | | |
| | | पशु प्राविधिक | जना | ३ | ५ | ७ | ११ | १३ | १३ | १३ | | |

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

फाँउदी खोला, चुँदी खोला, कर्स्याङ खोला तथा मर्स्याङ्दी नदी लगायत दर्जनौं मसिना खोला नै भानु नगरपालिकाका मुख्य सिँचाइका स्रोतहरू हुन् । नगरपालिकाको कूल खेती योग्य जमिन मध्ये ४२.२२ प्रतिशत जमिन सिंचित छ भने २१.०८ प्रतिशत जमिन वर्षभरी नै सिंचित हुने गरेको छ । कुलो तथा खोल्साहरूबाट सिँचाइका लागि खेत तथा गरासम्म पानी पुऱ्याउने गरिन्छ । सतही सिँचाइ सुविधा प्राप्त नभएको क्षेत्रका आकाशे पानीलाई सङ्कलन गरी सिँचाइ विस्तार गरिएको छ । साना तथा मझौला स्तरका मोटर जडान गरी किसानहरूले सिँचाइ गर्ने गरेको पाइन्छ । ठूला लिफ्ट सिँचाइ परियोजनाहरूको सम्भाव्यता अध्ययन गरी काम अघि बढाउने प्रकृया शुरु भएको छ ।

नगरपालिकामा दर्जन बढी विभिन्न स्थानीय कुलोहरूबाट सिँचाइको प्रबन्ध भइरहेको तथा यस बाहेक पनि परम्परागत निजी कुलोहरू माफर्त पनि सिँचाइ सुविधा विस्तार गरिएको छ । फाँउदी खोला सिँचाइ र चुँदी खोला सिँचाइ भानुका रणनीतिक सिँचाइ आयोजनाका रूपमा प्रस्ताव गरिएका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

कृषि योग्य जमिनमा अपर्याप्त सिँचाइ सुविधा हुनु, सिँचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिँचाइ, प्लास्टिक पोखरी, बोरिङ, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिँचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, बोरिङ सञ्चालनमा आवश्यक इन्धन/विद्युतको सहज एवम् सुलभ पहुँचको अभाव हुनु, मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना-साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

सिँचाइका लागि पर्याप्त स्रोतहरूको उपलब्ध भएकोले ठूला आयोजनाका सतह सिँचाइको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । चुँदी फाँट, खहरे, कल्लेरी, ढुकुर्दी, शतिघाट, बाहविसे,

दोरदोरटार, मोहोरियाटार, कालीमाटी टार, बेलटार, दाहालटार, कउरेटार, नारेश्वरटार, फुस्रेटार, कल्याणटार, भन्सार आदि क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गरी थप उत्पादन वृद्धि भई आम्दानी स्रोतहरू बढाउन सकिने सम्भावना रहेको छ । सर्वयाम सिँचाइको उपलब्धतासँगै उत्पादकत्व वृद्धि भई नगरपालिकाको खाद्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने सम्भावना रहेको छ । आकाशे पानी सङ्कलन र प्लास्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिँचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशिल रहनु, साना सिँचाइ नगरपालिकाको अधिकार क्षेत्रमा पर्नु, नगरपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु भानुका सिँचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिकामा सिँचाइ प्रणालीको विकास गरी जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २७: सिँचाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।** | |
| **१.१:** परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने। | १. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिँचाइको पहुँच बृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| **१.२:** आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने। | १. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ । |

| | |
|---|---|
| | ५. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ।<br>६. सतह सिँचाइको सम्भावना नभएको क्षेत्रमा भूमिगत प्रणालीबाट सिँचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१०. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>११.सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ः कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |
| २.१ः खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भब भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, ताल, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिँचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ। |
| २.२ः दिगो सिँचाइ प्रणालीकोलागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>२. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>४. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ । |

| | |
|---|---|
| | ५. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।<br>२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

### ४.२.५ कार्यक्रम तथा आयोजना

**तालिका २८ः सिँचाइका कार्यक्रम तथा आयोजना**

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| १ | चुँदीखोलाको दायाँबाया दोहोरो नहर निर्माण | किमि | | २० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | प्रदेश/नपा | |
| २ | सिचाइ कुलो मर्मत संभार कार्यक्रम | पटक | | १० | ५००० | ५००० | ७००० | ८००० | १२००० | ३७००० | नगरपालिका | |
| ३ | एकिकृत साना, मझौला तथा वृहत सिँचाइ कार्यक्रम | संख्या | | ५ | ३५०० | ३५०० | ४००० | ६००० | ८००० | २५००० | नगरपालिका | |
| ४ | सिँचाइ सम्बन्धी सालवसाली योजनाहरु | पटक | | १५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | नगरपालिका | |
| ५ | सिँचाइका लागि विद्युत महशुसल सहयता | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| | **सिचाँइको जम्मा** | | | | ३१००० | ३१००० | ३३५०० | ३६५०० | ४२५०० | १७४५०० | | |

**तालिका २९ः सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरूले विधिको शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजा मुखी बनाउनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जबाफदेही बनाई नागरिक प्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्त्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानुन, नीति र सुशासन, सङ्गठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा स्रोत व्यवस्थापनका क्षेत्र पर्छन् ।

## ८.१ संस्थागत विकास तथा सुशासन

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको संघीय संरचनामा जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । जनअपेक्षाको सम्बोधन, सहज सेवा प्रवाह तथा विकास निर्माणमा स्थानीय सरकार मुख्य रूपमा जिम्मेवार रहेका छन् । तसर्थ संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षाअनुसार कुशल, पारदर्शी र जवाफदेही ढंगले स्थानीय सरकार सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभाबकारी बनाउने दायित्व स्थानीय सरकारको रहेको छ ।

बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरू अबलम्बन गर्न जरुरी छ । स्थानीय सरकारले संगठन तथा व्यवस्थापन, क्षमता विकास र अन्तर सरकार, समुदाय, सहकारी, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभाबकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानुन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनसम्बन्धी योजनाको प्रारूप तय गरिएको छ ।

### ८.१.१ पृष्ठभूमि

आवधिक योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ । जबाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा **सबै नगरपालिकावासीको पहुँचको** सोच सहित नगरपालिकाको सुशासन प्रवर्द्धन गर्नका लागि फुस्रेटारमा रहेको प्रमुख प्रशासकीय भवनबाट नागरिकलाई सेवा प्रवाह गर्ने गरेको छ । सार्वजनिक सुनवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत हुँदै आएको छ । गुनासो पेटिका, बेवसाइट, सामाजिक संजाल, फेसबुक र हेल्लो

सरकार जस्ता सूचना संम्प्रेणका विभिन्न तरिका प्रयोग गरी जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने कामहरू हुँदै आएको छ ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टवयर मार्फत सञ्चालन गर्ने सुरुवात भएको छ । सुशासनका कायम राख्नका लागि पालिका स्तरमा नागरिक बडापत्र राख्ने, सूचना पाटी तथा गुनासो पेटिका व्यवस्थापन र विद्युतीय हाजिरी एवं सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । नव निर्वाचित जनप्रतिनिका साथ साथै प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई विभिन्न समयमा क्षमता विकास लगायतका तालिमहरूको व्यवस्था हुने गरेको छ । नगरपालिकाको सूचनाहरू वेवसाईटमा मार्फत सार्वजनिकिकरण गर्ने गरिएको छ । हालसम्म पालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या ३४ रहेका छन् । नगरपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न विरूवा नगर कार्यपालिकामा जम्मा ५ वटा विभिन्न बिषयगत समितिहरू रहेकाछन्। सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमबाट निरुपण गर्ने गरिएको छ । नगरपालिकामाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य थालनी गरिएको छ ।

भानु नगरपालिकामा १३ वटा वडा कार्यालयहरू सञ्चालनमा छन् । वडा कार्यालयहरू न्यूनतम जनशक्तिबाट संचालन भै आएको छ । नगरपालिकाको योजना कार्यान्वयन गर्नलाई जम्मा १८६ जना कर्मचारीको व्यवस्था छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतीय सेवा प्रवाहमा विविधता हुन नसक्नु र नगरपालिका बासीमा प्रविधि सम्बन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन् । त्यस्तै, दक्ष कर्मचारी पर्याप्त नहुनु, आवश्यक मात्रामा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास नहुनु, कर्मचारीहरूको सरुवा भइरहनु, क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्याङ्कन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु, तथ्याङ्कीय आधार तयार भैनसक्नु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु नगरपालिकाका चुनौती हुन् ।

### ८.१.२ सम्भावना तथा अवसर

सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन नगरपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचार मुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भने सङ्घीयता को मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

नगरपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ । जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसरको रूपमा देखिन्छन् ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सेवा प्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्नु ।

**उद्देश्य**

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ९५: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| **१.१:** शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| **१.२:** सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | २. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। |
| **उद्देश्य २ः सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| २.१ः नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२ः नगरपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ। |
| २.३ः सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु। | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको बडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| ३.१: जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| ३.२: अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. नगरपालिका स्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |
| ४.१: सार्वजनिक आय–व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. नगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

### ८.१.५ कार्यक्रम तथा आयोजना

**तालिका ९६: संस्थागत विकासका कार्यक्रम तथा आयोजना**

| क्र .सं | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (हजारमा.रू) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | |
| | **सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | | **११२००** | **७९००** | **८१००** | **१२०००** | **१५९००** | **५५१००** | | |
| १ | पालिकाको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन | एकमुष्ठ | | २ | २००० | २००० | | | | ४००० | नगरपालिका | |
| २ | सेवा प्रवाह तथा सुशासनकालागि आवश्यक कार्यविधिको निर्माण | सङ्ख्या | | १ | १५०० | | | | | १५०० | नगरपालिका | |
| ३ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | एकमुष्ठ | | | | १००० | | | | १००० | नगरपालिका | |
| ४ | सबै वडामा मेलमिलाप कक्ष स्थापना | सङ्ख्या | | १३ | १५०० | २००० | ४५०० | ७५०० | १०५०० | २६००० | प्रदेशनपा/ | |
| ५ | नगर कार्यपालिकाको इजलास व्यवस्थापन | एकमुष्ठ | | | ३००० | | | | | ३००० | नगरपालिका | नगर कार्यपालिका तथा मातहतका कार्यालयहरू |
| ६ | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ७ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | सङ्ख्या | | | २०० | ४०० | ६०० | १००० | १४०० | ३६०० | नगरपालिका | |
| ९ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| १० | विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि | एकमुष्ठ | | | ५०० | १००० | १५०० | २००० | २५०० | ७५०० | नगरपालिका | |
| ११ | सामाजिक जवाफदेहिता वृद्धिकालागि सामाजिक) परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणसञ्चालन ( | सङ्ख्या | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | पालिका तथा वडा स्तरीय सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण कम्तीमा वर्षको १ पटक |

| क्र.सं | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (हजारमा.रू) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | |
| १२ | जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | सङ्ख्या | | | १००० | | | | | १००० | नगरपालिका | (सबै वडा र सेवाप्रदायक कार्यलय( |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | **२२७००** | **१५७००** | **१७२००** | **१७७००** | **२०४००** | **९३७००** | | |
| १ | नगरपालिकाको प्रोफाईल अध्यावधिक - Municipal Digital Profile updates | पटक | | | २५०० | | २५०० | | २५०० | ७५०० | नगरपालिका | |
| २ | वडा कार्यालयहरूमा ईन्टरनेट, र वडा स्तरीय विभिन्न भवनहरूको पूर्वाधार निर्माण | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २०० | ८२०० | नगरपालिका | |
| ३ | Electronic Document Management System स्थापना र संचालन | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | नगरपालिका | |
| ४ | नगर श्रोत नक्साङ्न र अध्यावधिकरण | संख्या | | | १५०० | | | | | १५०० | नगरपालिका | |
| ५ | गुनासो सुनुवाई कक्षको स्थापना र सञ्चालन ) हटलाइन र नमस्ते भानु एप्सको प्रयोग मार्फत ( | संख्या | | | १००० | १००० | | | | २००० | नगरपालिका | |
| ६ | नगर प्रहरीको कार्य जिम्मेवारी सम्वन्धी तालिम | जना | | | १५०० | | | | | १५०० | नगरपालिका | |
| ७ | वडा कार्यालयहरूमा सहायता कक्षको स्थापना र सञ्चालन | संख्या | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | नगरपालिका | |
| ८ | विषयगत शााखा र उपशाखाको भौतिक श्रोत साधन व्यवस्थापन | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | नगरपालिका | |
| ९ | हरेक वर्ष उत्कृष्ट वडा घोषणा कार्यक्रम विकास निर्माण), सेवा प्रवाह र राजश्व संकलन( | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | नगरपालिका | |
| १० | न्यायीक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम | पटक | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ११ | मेलमिलाप केन्द्रको स्थापना र व्यवस्थापन | संख्या | | | १००० | | | | | १००० | नगरपालिका | |

| क्र .सं | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (हजारमा.रू) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | |
| १२ | प्रशासनीक, प्राविधिक, सरसफाई कर्मि, स्वास्थ्य कर्मि सहितको जनशक्तिको पदपुर्ति | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | नगरपालिका | |
| १३ | महत्वपूर्ण पर्यटकीय, सार्वजनिक र धार्मीक स्थलहरूमा फ्री वाईफाई जोन वनाउने ) ( ईन्टरनेट सेवा प्रदायक संगको समन्वयमा | संख्या | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| १४ | अन्य स्थानीय तहहरूको अध्ययन भ्रमण | पटक | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| १५ | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | ५०० | | | | | ५०० | नगरपालिका | |
| १६ | सेवाप्रवाह सरलिकृत एवम् संस्थागत विकास तथा अध्ययनअवलोकन भ्रमण- | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| १७ | संस्थागत स्व मुल्यांकन तथा क्षमता विकास | एकमुष्ठ | | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | नगरपालिका | |
| १८ | कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| १९ | नगर सभा अन्तर्गतका सबै समितिकालागि छुट्टाछुट्टै बैठक कक्ष व्यवस्थापन | एकमुष्ठ | | | | | | ३००० | ५००० | ८००० | नगरपालिका | |
| २० | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यन्वयन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| २१ | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| | | | | | | | | | | | | |
| | **वित्तीय श्रोत परिचालन** | | | | **१५९७०** | **९५९०** | **५८३०** | **७८९०** | **६८३०** | **४६११०** | | |
| १ | राजश्वको संभाव्यता अध्ययन र राजश्व सुधार कार्ययोजना तयारी | पटक | | | २००० | | | २००० | | ४००० | प्रदेशनपा/ | |

| क्र .सं | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (हजारमा.रू) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | |
| २ | राजश्व संकलनलाई थप प्रभावकारी वनाउने – ) वित्तीय संस्थासंगको समन्वयमाe-banking , QR Code बाट भुक्तानी ( | एकमुष्ठ | | | ३८० | ३८० | ३८० | ३८० | ३८० | १९०० | नगरपालिका | |
| ३ | अनलाईन भुक्तानी प्रणालीको प्रभावकारी कार्यन्वयन र कर्मचारीलाई तालिम | जना | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ४ | Electronic Fund Transfer (EFT) लाई सूचना प्रविधिसंग आवद्धता र कर्मचारीलाई तालिम | जना | | | ६०० | ३०० | ३०० | ३०० | ३०० | १८०० | नगरपालिका | |
| ५ | करदाता साक्षरता अधियान सञ्चालन | पटक | | | ९५० | ९५० | ९५० | ९५० | ९५० | ४७५० | नगरपालिका | |
| ६ | राजश्व परामर्श समितिका पदाधिकारीहरूको अभ्ययन भ्रमण र क्षमता विकास | पटक | | | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | नगरपालिका | |
| ७ | Public Assets Management (PAM) जिन्सि व्यवस्थापन सफ्टवेर खरिद र सवै वडाहरूमा कार्यान्वयन | संख्या | | | २५०० | ३६० | ३६० | ३६० | ३६० | ३९४० | नगरपालिका | |
| ८ | सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्वन्धी तालिम | जना | | | | १००० | | | १००० | २००० | नगरपालिका | |
| ९ | नगरपालिका कर क्षेत्र सर्वेक्षण तथा प्रोफाइल निर्माण | एकमुष्ठ | | | २००० | | | | | २००० | नगरपालिका | |
| १० | हरेक वडाहरूमा राजश्व Software जडान तथा Networking | संख्या | | | ३२०० | ३२०० | | | | ६४०० | नगरपालिका | |
| ११ | कर अभिलेख व्यवस्थापक सम्बन्धि क्षमता विकास तालिम संचालन | पटक | | | ४४० | | ४४० | | ४४० | १३२० | नगरपालिका | |
| १२ | करदाता शिक्षा कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | नगरपालिका | |

| क्र.सं | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (हजारमा.रू) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | |
| १३ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| १४ | लेखा समितिको क्षमता विकास तालिम सञ्चालन | पटक | | २ | ५०० | | | ५०० | | १००० | नगरपालिका | |
| | **योजना व्यवस्थापन** | | | | ६२०० | ४००० | ५००० | ३७०० | ३००० | २१९०० | | |
| १ | आयोजना वैंक पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | सङ्ख्या | | १ | १५०० | | | | | १५०० | नगरपालिका | नगर कार्यपालिका तथा मातहतका कार्यालयहरू |
| २ | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | सङ्ख्या | | ३ | १००० | १००० | २००० | | | ४००० | नगरपालिका | |
| ३ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम - कार्य प्रारम्भपूर्व अनिवार्य तालिमको व्यवस्था | सङ्ख्या | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ४ | मद्यकालिन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | सङ्ख्या | | २ | ७०० | | | ७०० | | १४०० | नगरपालिका | |
| ५ | नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | प्रदेशनपा/ | |
| ६ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ७ | नियमित सेवाग्राही सन्तुष्टी सर्भेक्षण सञ्चालन | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |

तालिका ९७: संस्थागत विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| क्र.सं . | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | **५५१००** | | | | | | |
| १ | पालिकाको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन | एकमुष्ठ | २ | ४००० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| २ | सेवा प्रवाह तथा सुशासनकालागि आवश्यक कार्यविधिको निर्माण | सङ्ख्या | १ | १५०० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| ३ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | एकमुष्ठ | | १००० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| ४ | सबै वडामा मेलमिलाप कक्ष स्थापना | सङ्ख्या | १३ | २६००० | ५.१ | १६ | ६ | ७ | २ | ३ |
| ५ | नगर कार्यपालिकाको इजलास व्यवस्थापन | एकमुष्ठ | | ३००० | ५.१ | १६ | ६ | ७ | ३ | ३ |
| ६ | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | एकमुष्ठ | | २५०० | ५.१ | १० | ६ | ७ | २ | ३ |
| ७ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | सङ्ख्या | | ३६०० | ५.१ | १६ | ६ | ७ | ३ | ३ |
| ९ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | एकमुष्ठ | | २५०० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| १० | विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि | एकमुष्ठ | | ७५०० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ११ | सामाजिक जवाफदेहिता वृद्धिकालागि सामाजिक) परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण ( सञ्चालन | सङ्ख्या | | २५०० | ५.१ | १० | ६ | ७ | २ | ३ |
| १२ | जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | सङ्ख्या | | १००० | ५.१ | १० | ६ | ७ | २ | ३ |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | **९३७००** | | | | | | |

| क्र.सं . | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको प्रोफाईल अध्यावधिक -Municipal Digital Profile updates | पटक | | ७५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| २ | वडा कार्यालयहरूमा ईन्टरनेट, र वडा स्तरीय विभिन्न भवनहरूको पूर्वाधार निर्माण | एकमुष्ठ | | ८२०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ३ | Electronic Document Management System स्थापना र संचालन | एकमुष्ठ | | ५००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ४ | नगर श्रोत नक्साङ्न र अध्यावधिकरण | संख्या | | १५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ५ | गुनासो सुनुवाई कक्षको स्थापना र सञ्चालन ) हटलाइन र नमस्ते भानु एप्सको प्रयोग मार्फत ( | संख्या | | २००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ६ | नगर प्रहरीको कार्य जिम्मेवारी सम्वन्धी तालिम | जना | | १५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ७ | वडा कार्यालयहरूमा सहायता कक्षको स्थापना र सञ्चालन | संख्या | | २५००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ८ | विषयगत शाखा र उपशाखाको भौतिक श्रोत साधन व्यवस्थापन | एकमुष्ठ | | ५००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ९ | हरेक वर्ष उत्कृष्ट वडा घोषणा कार्यक्रम विकास) निर्माण, सेवा प्रवाह र राजश्व संकलन( | एकमुष्ठ | | ५००० | ५.१ | १६ | १० | ७ | २ | ३ |
| १० | न्यायीक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम | पटक | | २५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| ११ | मेलमिलाप केन्द्रको स्थापना र व्यवस्थापन | संख्या | | १००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| १२ | प्रशासनीक, प्राविधिक, सरसफाई कर्मि, स्वास्थ्य कर्मि सहितको जनशक्तिको पदपुर्ति | एकमुष्ठ | | ५००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |

| क्र.सं . | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | महत्वपूर्ण पर्यटकीय, सार्वजनिक र धार्मीक स्थलहरूमा फ्री वाईफाई जोन वनाउने ईन्टरनेट सेवा प्रदायक ) ( संगको समन्वयमा | संख्या | | २५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| १४ | अन्य स्थानीय तहहरूको अध्ययन भ्रमण | पटक | | २५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| १५ | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | सङ्ख्या | १ | ५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| १६ | सेवाप्रवाह सरलिकृत एवम् संस्थागत विकास तथा अध्ययनअवलोकन भ्रमण- | पटक | ५ | २५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| १७ | संस्थागत स्व मुल्यांकन तथा क्षमता विकास | एकमुष्ठ | ५ | १००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| १८ | कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि | एकमुष्ठ | | २५०० | ५.१ | १६ | १० | ७ | २ | ३ |
| १९ | नगर सभा अन्तर्गतका सबै समितिकालागि छुट्टाछुट्टै बैठक कक्ष व्यवस्थापन | एकमुष्ठ | | ८००० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| २० | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यन्वयन | एकमुष्ठ | | २५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| २१ | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | एकमुष्ठ | | २५०० | ५.१ | १६ | १० | ७ | ३ | ३ |
| | **वित्तीय श्रोत परिचालन** | | | ४६११० | | | | | | |
| १ | राजश्वको संभाव्यता अध्ययन र राजश्व सुधार कार्ययोजना तयारी | पटक | | ४००० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |

| क्र.सं . | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | राजश्व संकलनलाई थप प्रभावकारी वनाउने — ) वित्तीय संस्थासंगको समन्वयमाe-banking , QR Code बाट भुक्तानी ( | एकमुष्ठ | | १९०० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ३ | अनलाईन भुक्तानी प्रणालीको प्रभावकारी कार्यन्वयन र कर्मचारीलाई तालिम | जना | | २५०० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ४ | Electronic Fund Transfer (EFT) लाई सूचना प्रविधिसंग आवद्धता र कर्मचारीलाई तालिम | जना | | १८०० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ५ | करदाता साक्षरता अधियान सञ्चालन | पटक | | ४७५० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ६ | राजश्व परामर्श समितिका पदाधिकारीहरूको अभ्ययन भ्रमण र क्षमता विकास | पटक | | ७००० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ७ | Public Assets Management (PAM) जिन्सि व्यवस्थापन सप्टवेर खरिद र सवै वडाहरूमा कार्यान्वयन | संख्या | | ३९४० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ८ | सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्वन्धी तालिम | जना | | २००० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ९ | नगरपालिका कर क्षेत्र सर्वेक्षण तथा प्रोफाइल निर्माण | एकमुष्ठ | | २००० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| १० | हरेक वडाहरूमा राजश्व Software जडान तथा Networking | संख्या | | ६४०० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| ११ | कर अभिलेख व्यवस्थापक सम्बन्धि क्षमता विकास तालिम संचालन | पटक | | १३२० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| १२ | करदाता शिक्षा कार्यक्रम | एकमुष्ठ | | ५००० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| १३ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | एकमुष्ठ | | २५०० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |

| क्र.सं . | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्रदेश संमृद्धि संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | लेखा समितिको क्षमता विकास तालिम सञ्चालन | पटक | २ | १००० | ५.१ | १६ | ९ | ७ | ३ | ३ |
| | **योजना व्यवस्थापन** | | | **२१९००** | | | | | | |
| १ | आयोजना वैंक पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | सङ्ख्या | १ | १५०० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| २ | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | सङ्ख्या | ३ | ४००० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| ३ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम कार्य -प्रारम्भपूर्व अनिवार्य तालिमको व्यवस्था | सङ्ख्या | ५ | २५०० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| ४ | मद्यकालिन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | सङ्ख्या | २ | १४०० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| ६ | नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | एकमुष्ठ | | ७५०० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| ७ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | पटक | ५ | २५०० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |
| ८ | नियमित सेवाग्राही सन्तुष्टी सर्भेक्षण सञ्चालन | पटक | ५ | २५०० | ५.१ | १६ | ८ | ७ | ३ | ३ |

## ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ९८: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | नगरपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी हुनेछ | कर्मचारीको पदपूर्ति | प्रतिशत | ८० | ९५ | १०० | १०० | १०० | १०० | १०० | प्रशासन शाखा, लेखा शाखा, लेखापरीक्षण प्रतिवेदन, राजस्व शाखा, वार्षिक प्रगती प्रतिवेदन, नगर प्रोफाइल | नगर कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जवाफदेहीता वृद्दि भइ सुशासन कायम भएको हुने |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | १५ | आवश्यकता अनुसार | | | | | | | |
| | | पालिकाद्वारा स्विकृत नीति तथा कानुन | सङ्ख्या | ३४ | आवश्यकता अनुसार | | | | | | | |
| | | पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| | | औसत वार्षिक बेरुजु | प्रतिशत | १ | ० | ० | ० | ० | ० | ० | | |
| | | औसत वार्षिक पुँजिगत खर्च | प्रतिशत | ४० | ४५ | ६० | ६० | ६० | ६० | ६० | | |
| | | आन्तरिक आय | रु.हजारमा | २५८१८ | २८४०० | ३१२४० | ३४३६४ | ३७८०० | ४१५८० | ४१५८० | | |
| असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र | सामाजिक परीक्षण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| | | आवधिक योजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | मध्यमकालिन खर्च संरचना तयार गरेका वडा | सङ्ख्या | ० | १३ | १३ | १३ | १३ | १३ | १३ | | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाई | सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| प्रतिफल | सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | १० | | |
| | | अनुगमन | सङ्ख्या | १२ | आवश्यकता अनुसार | | | | | | | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | १० | | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| असर २ | गुणस्तरीय मानव संसाधन र सक्षम | क्षमता विकास योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक समाजिक विकास हुनेछ । | कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | - | स्विकृत सगठनव्यवटस्थापन सर्भेक्षण अनुसार | | | | | | | |
| | | स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | नगरपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । | सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | - | ७० | ७५ | ७५ | ८० | ८० | ८० | | |
| | जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| असर ३ | सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । | अनलाइन सेवामा आवद्ध सुविधा | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | एकैदिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । | ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | १ | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| | | पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | | |
| | गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । | आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | | |
| | | आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ९ | १० | १३ | १३ | १३ | १३ | १३ | | |
| | उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | आवश्यक कानूनहरूको निर्माण | सङ्ख्या | ३४ | ४० | ५० | ६० | ८० | १०० | १०० | | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या | ० | ४ | ८ | १२ | १६ | २० | २० | | |
| | | कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर ४ | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | निर्धारित समयावधि मै बजेट | आएको/नआएको | आएको | आएको | आएको | आएको | आएको | आएको | आएको | | |
| | | वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | | |
| | | आय-व्ययको अद्यावदिक विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | राखिएको | | |
| प्रतिफल | वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । | वार्षिक खरिद योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | समयमा फछ्र्यौट भएका वार्षिक योजना | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

# परिच्छेद ९ः कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

भानु नगरपालिकाले नगरपालिकाको योजनाबद्ध विकासकालागि डिजिटल पार्श्वचित्र, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदाय संगको अन्तरक्रियाबाट प्रथम पञ्चवर्षीय योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा नगरपालिकाले नेपाल सरकारको पन्ध्रौं योजना तथा गण्डकी प्रदेशको योजनाहरूलाई समेत आधारको रूपमा लिएको छ । नगरपालिकाले आवधिक विकास योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेकोछ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै प्रर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनकालागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठुलो भूमिका हुन्छ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट यस नगरपालिकाको दोस्रो स्थानीय तहको निर्वाचतबाट निर्वाचित नगरपालिका कार्यपालिका मार्फत नगरपालिकाको कार्य संचालन हुँदै आएको छ । नगरपालिकाको संगठन संरचना अनुसार ९ वटा शाखा र त्यस अन्तरगतका विभिन्न उपशाखा तथा इकाइहरू र १३ वटा वडा समितिको कार्यालय रहेको छ । नगरपालिकाको विद्यमान संगठन संरचना अनुसार स्वीकृत दरवन्दी तथा तथा करार सहित **१८६ जना** कर्मचारी कार्यरत छन् । नगरपालिकाको आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न मौजुदा संगठन संरचना परिमार्जनकालागि संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नुपर्ने देखिन्छ ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न पाँच वटा विषयतगत क्षेत्रहरू तथा नगरपालिका गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूकालागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान नगरपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडास्तरीय छलफलबाट

प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत नगरपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरूबाट हुन सक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

**तालिका ९९: विषयक्षेत्र अनुसार अनुमानित बजेट**

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| | **नगर गौरवका आयोजना** | **२८००००** | **२५००००** | **२०००००** | **२५००००** | **४२००००** | **१४०००००** | |
| **१** | **आर्थिक क्षेत्र** | **१२८६००** | **१७६६००** | **१८३४००** | **२०४५५०** | **२२५९५०** | **९१९१००** | **१२.३८** |
| १.१ | कृषि तथा पशुपन्छी | ५०६०० | ५४२०० | ५७७५० | ७१८५० | ७४६०० | ३०९००० | ४.१६ |
| १.२ | सिंचाई | ३१००० | ३१००० | ३३५०० | ३६५०० | ४२५०० | १७४५०० | २.३५ |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | २३८०० | २४९०० | २५०५० | २९७०० | ३९८५० | १४३३०० | १.९३ |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | १८५०० | ६१३०० | ५९४०० | ५९८०० | ६०३०० | २५९३०० | ३.४९ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ४७०० | ५२०० | ७७०० | ६७०० | ८७०० | ३३००० | ०.४४ |
| **२** | **सामाजिक क्षेत्र** | **१२१०५०** | **१४४९६०** | **१३२०८०** | **१४३४५०** | **१३६१४०** | **६७७६८०** | **९.१३** |
| २.१ | स्वास्थ्य तथा पोषण | २१८५० | २३७०० | १४२०० | ९७०० | ९७०० | ७९१५० | १.०७ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | ५१२०० | ५५८६० | ५२४७० | ८४८३० | ७६८४० | ३२१२०० | ४.३३ |
| २.३ | खानेपानी तथा सरसफाइ | २३५५० | २३६५० | २३८५० | २४००० | २४१५० | ११९२०० | १.६१ |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | १३६५० | १३७५० | १३३६० | १३५२० | १३६५० | ६७९३० | ०.९२ |
| २.५ | युवा तथा खेलकुद | १०८०० | २८००० | २८२०० | ११४०० | ११८०० | ९०२०० | १.२२ |
| **३** | **पूर्वाधार क्षेत्र** | **६८६१००** | **९०६०००** | **११३४७००** | **११६६४००** | **११७१२००** | **५०६४४००** | **६८.२४** |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ५०२५० | ८८९५० | ९९८५० | ११६९५० | ९६५५० | ४५२५५० | ६.१० |
| ३.२ | सडक, पुल तथा यातायात | ६२०००० | ८००००० | १०१७८०० | १०३३६०० | १०५८८०० | ४५३०२०० | ६१.०४ |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ६००० | ७२०० | ७२०० | ६००० | ६००० | ३२४०० | ०.४४ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ९८५० | ९८५० | ९८५० | ९८५० | ९८५० | ४९२५० | ०.६६ |
| **४** | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | **९५०५०** | **९३४५०** | **१०७४५०** | **१२०४५०** | **१२७४५०** | **५४३८५०** | **७.३३** |
| ४.१ | वन तथा जैविक विविधता | ७८०० | ८४०० | ६९०० | ७००० | ८६०० | ३८७०० | ०.५२ |

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १९६५० | १९०५० | २००५० | २०३५० | २४२५० | १०३३५० | १.३९ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ८१०० | ९१०० | २३३०० | १८३०० | ९६०० | ६८४०० | ०.९२ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ५९५०० | ५६९०० | ५७२०० | ७४८०० | ८५००० | ३३३४०० | ४.४९ |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **५६०७०** | **३७१९०** | **३६१३०** | **४१२९०** | **४६१३०** | **२१६८१०** | **२.९२** |
| ५.१ | सुशासन, ऐन नियम तथा जवाफदेहिता | ११२०० | ७९०० | ८१०० | १२००० | १५९०० | ५५१०० | ०.७४ |
| ५.२ | संस्थागत संरचना तथा मानव संसाधन विकास | २२७०० | १५७०० | १७२०० | १७७०० | २०४०० | ९३७०० | १.२६ |
| ५.३ | वित्तीय श्रोत परिचालन | १५९७० | ९५९० | ५८३० | ७८९० | ६८३० | ४६११० | ०.६२ |
| ५.४ | योजना व्यवस्थापन | ६२०० | ४००० | ५००० | ३७०० | ३००० | २१९०० | ०.३० |
| | **जम्मा योजना बजेट** | **१०८६८७०** | **१३५८२००** | **१५९३७६०** | **१६७६१४०** | **१७०६८७०** | **७४२१८४०** | **१००** |
| **नगरपालिका गौरव तथा विषयगत क्षेत्र जम्मा बजेट** | | | | | | | **८८२१८४०** | |

नगरपालिकाको आवधिक विकास योजना अवधिको लक्ष्य प्राप्तीकालागि कूल लागत बजेट **रू. ८ अर्ब ८२ करोड १८ लाख ४० हजार** अनुमान गरिएको छ । नगरपालिका गौरबका आयोजना कार्यन्वयनका लागि कूल **रू. १ अर्ब ४० करोड** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तरगत सबै भन्दा बढी पूर्वाधार क्षेत्र विकासका लागि करिब **६८.२४ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, सामाजिक विकासका लागि **९.१३ प्रतिशत**, आर्थिक विकासका लागि **१२.३८ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **७.३३ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **२.९२ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।



## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोकोलागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसकालागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै प्रर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनकालागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्यर साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

भानु नगरपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चबर्षिय आवधिक विकास योजना नगरपालिका विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा नगरपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ ।

आ.व. २०७८/७९ को यथार्थ आय **रू. ९६ करोड ६४ लाख २९ हजार** रहेको छ । गत आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तिमा पनि वार्षिक १० प्रतिशतका दरले आयबृद्धि हुनसक्ने आधारमा ५ वर्षको कूल अनुमानित आय गणना गर्दा नगरपालिकाको कूल अनुमानित आय करिव **रु. ७ अर्व ३० करोड ५३ लाख ३२ हजार** हुने देखिन्छ ।

गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा नगरपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत संकलन हुने राजस्वमा भने सामान्य कमी आएको देखिन्छ ।

आन्तरिक श्रोतको योगदान गत आ.व.मा कूल आयको **३.८३ प्रतिशत** रहेको छ । नगरपालिकाको आन्तरिक आय आ.व. ०७८/७९ भन्दा आ.व. ७९/८० मा सामान्य रूपले घटेको देखिन्छ । त्यसैगरी बाह्य श्रोतबाट आएको अनुदान सहयोग तथा ऋण परिचालनबाट प्राप्त हुने रकमको कूल आयमा **६८.५१ प्रतिशत** भन्दा वढी योगदान रहेको छ । बाह्य श्रोतको आय पछिल्लो बर्षमा भन्दा ६.६३ प्रतिशतले बढेको देखिन्छ । त्यस्तै गत आ.व.मा कूल आयमा **२७.९२ प्रतिशत** रकम नगद मौज्दात रहेको छ । लागत सहभागितामा भने न्यून मात्रमा परिचालन रहने गरेको देखिन्छ ।

**तालिका १००: राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०७८/०७९ को यथार्थ | रकम | ३०६५१८ | ६५९९११ | | **९६६४२९** |
| | प्रतिशत | ३१.७२ | ६८.२८ | | **१००** |
| आ.व. ०७९/०८० को अनुमानित | रकम | २५८१८१ | ७७१०६८ | | **१०२९२४९** |
| | प्रतिशत | २५.०८ | ७४.९२ | | **१००** |

*स्रोत: भानु नगरपालिका कार्यलिय, लेखाशाखा*

## ९.४.२ खर्च अवस्थाको विश्लेषण

नगरपालिकामा चालु खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७८/०७९ को व्यय विवरण अनुसार चालु खर्च कूल खर्चको करिब **४० प्रतिशत** रहेको छ भने पूँजीगत खर्च **६० प्रतिशत** रहेको छ । नगरपालिकाको विगतका वर्षको व्यय विवरणको तुलनामा यस आ.व.मा चालु खर्च बढेको अवस्थामा छ भने आ.व. ०७७/०७८ मा चालु खर्च विगत वर्षको तुलनामा कम रहेको छ । त्यसैगरी पूँजीगत तर्फ हुने खर्च भने कूल खर्चको अनुपातमा यस आ.व.मा कम भएको देखिन्छ ।

**तालिका १०१: खर्च बाँडफाँडको प्रक्षेपण**

(रकम रु. हजारमा)

| क्र. सं. | विवरण | २०७८/७९ को यथार्थ | २०७९/८० को अनुमान | २०८०/८१ को प्रक्षेपण | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बजेटको वर्गीकरण | | | | | | | | |
| १.१ | चालु खर्च | ३८६५७२ | ४११७०० | ४७७३९० | ४७७३९० | ५७८९८७ | ६३७६७६ | ७०२३५४ | २८७३७९६ |
| १.२ | पुँजीगत खर्च | ५७९८५७ | ६१७५४९ | ७१६०८४ | ७८८५९० | ८६८४८० | ९५६५१५ | १०५३५३० | ४३८३१९९ |
| जम्मा बजेट | | ९६६४२९ | १०२९२४९ | ११९३४७४ | १२६५९७९ | १४४७४६७ | १५९४१९१ | १७५५८८४ | ७२५६९९५ |
| २ | खर्चको क्षेत्रगत बाँडफाँड | | | | | | | | |
| २.१ | आर्थिक विकास | | | १२८६०० | १७६६०० | १८३४०० | २०४५५० | २२५९५० | ९१९१०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२ | सामाजिक विकास | १२१०५० | १४४९६० | १३२०८० | १४३४५० | १३६१४० | **६७७६८०** |
| २.३ | पूर्वाधार विकास | ६८६१०० | ९०६००० | ११३४७०० | ११६६४०० | ११७१२०० | **५०६४४००** |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ९५०५० | ९३४५० | १०७४५० | १२०४५० | १२७४५० | **५४३८५०** |
| २.५ | संस्थागत विकास तथा सुशासन | ५६०७० | ३७१९० | ३६१३० | ४१२९० | ४६१३० | **२१६८१०** |
| २.६ | नगर गौरबका योजना | **२८००००** | **२५००००** | **२०००००** | **२५००००** | **४२००००** | **१४०००००** |
| **जम्मा बजेट** | | **१३६६८७०** | **१६०८२००** | **१७९३७६०** | **१९२६१४०** | **२१२६८७०** | **८८२१८४०** |

*स्रोतः भानु नगरपालिकाकार्यपालिका कार्यालय, लेखाशाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक विकास योजना कार्यान्वयनका लागि नगर गौरबको योजना समेत कूल लगानी बजेट **रू. ८ अर्ब ८२ करोड १८ लाख ४० हजार** अनुमान गरिएको छ । आ.व. २०७८/०७९ को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८९/८० को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको नगरपालिकाको अनुमानित आय **रु. ७ अर्ब ३० करोड ५३ लाख ३२ हजार** देखिन्छ । यसरी कूल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच करिब **रू.१ अर्ब ५१ करोड ६५ लाख ८ हजार** बजेट अपुग देखिन्छ ।

**तालिका १०२: अपुग स्रोत व्यवस्थापन**

| क्र.सं. | शिर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू.हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| १ | कूल स्रोत परिचालन | ११९३४७४ | १३१४३१६ | १४४७४६७ | १५९४१९१ | १७५५८८४ | **७३०५३३२** |
| २ | कूल लगानी अनुमान | १०८६८७० | १३५८२०० | १५९३७६० | १६७६१४० | १७०६८७० | **७४२१८४०** |
| ३ | नगर गौरबका योजना | २८०००० | २५०००० | २००००० | २५०००० | ४२०००० | **१४०००००** |
| | **स्रोतको न्यूनता** | -१७३३९६ | -२९३८८४ | -३४६२९३ | -३३१९४९ | -३७०९८६ | **-१५१६५०८** |

### ९.५ स्रोत परिचालन रणनीति

भानु नगरपालिकाको **आवधिक विकास योजना (आ.व. २०८०/०८१ देखि २०८४/०८५ सम्म)** का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ ।

नगरपालिका कार्यपालिकाको कार्यालय, नीजि क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा नगरपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कूल **रू. ८ अर्ब ८२ करोड १८ लाख** ४० **हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब **रू. ७ अर्ब ३० करोड ५३ लाख ३२ हजार** (८२.८१ प्रतिशत) विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कूल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रु. १ अर्व ५१ करोड ६५ लाख ८ हजार** (**१७.१९** प्रतिशत) बजेटका लागि नगरपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । जसका लागि नगरपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ।

यस आवधिक विकास योजना अवधिमा नगरपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट नगरपालिकामा आउने रकमलाई नगरपालिका स्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

१. गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. अन्तराष्ट्रीय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी नगरपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
४. सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपुरक अनुदान प्राप्त गरिनेछ ।
५. नगरपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न नगरपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा नगरपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।

६. नगरपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी नगरपालिकाको स्रोत वृद्धि गरिनेछ ।
७. मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
८. स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
९. आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्यांकनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । भानु नगरपालिकाको विकास नगरपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

**(क) सरकारी क्षेत्र**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात नगरपालिकाको हो । नगरपालिकाले नै सवै क्षेत्रसंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । नगरपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न संघीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका बर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा नगरपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**(ख) निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानूनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र वजारीकरण गर्ने, वजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदीने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर

तथा अन्य राजस्व बुझाउने जस्ता महत्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिव **३.०२ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

**(घ) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । ससाना वचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई संगठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन् । नगरपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रबाट योजना अवधिमा **१.७ प्रतिशत** लगानी प्रक्षेपण गरिएकोछ ।

**(ङ) गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह वचत तथा ऋण परिचालन, ससाना आयमूलक कार्यक्रम संचालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले नगरपालिकासंग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्टयताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **२.२७ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

**(च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक संघसस्था**

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **३.४ प्रतिशत** हुने अनुमान गरिएको छ ।

**(छ) अन्तर स्थानीय तह**

नगरपालिकासंग सिमाना जोडिएका स्थानीय तहरूसंग मिलेर रणनैतिक महत्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब **६.८ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

### ९.६.२ कार्यान्वयन प्रकृया

**(क) सूची तयारी**

नगरपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा संचालन हुने, गैसस तथा अन्तराष्ट्रीय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तर्क्रिया**

सूची तयार गरेपछी निजीक्षेत्र, गैसस, सहकारीक्षेत्र र सामुदायिक क्षेत्रले संचालन गर्ने कार्यकालागि नगरपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**(ग) मध्यकालिन खर्च संरचना तयारी**

नगरपालिकाले संचालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम वीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालिन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालिन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा**

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम संचालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्वन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

**तालिका १०३ः बार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा**

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| संस्थागत र सुशासन | | | | | | | | | | | |
| अन्तरसम्बन्धित क्षेत्र | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालु खर्च | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ—आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पूँजीगत खर्च खुलाई नगरपालिकामा पेश गर्नुपर्ने छ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

नगरपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्यांकन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्षसमेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाँका तयार गरी सोही अनुसार नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ । नगरपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ति वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ति सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

नगरपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

नगरपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- नगरपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- नगरपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिका क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितता लागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरूसँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्:

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपप्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,

- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः

| | |
|---|---|
| – उपप्रमुख | संयोजक |
| – प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरूमध्येबाट | सदस्य (दुई जना) |
| – प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| – प्रमुख, योजनाशाखा | सदस्य सचिव |

*आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।*

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकिकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| वडा सदस्यहरू | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्यांकन गरिनेछ ।

- योजनाको लक्ष्य वमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक नगरपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछः

**तालिका १०४: अनुगमन तथा मूल्याङ्कन खाका**

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस | आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ बृहत योजनाको कार्यान्वयन योजनाको<br>▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ✓ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने<br>✓ नगरपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि नपासमक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | नगरपालिका कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | नगरपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>▪ प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |
| **मूल्याङ्कन प्रक्रिया** | | | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>▪ असर तहका सूचना संकलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>▪ प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने<br>▪ नगरपालिका कार्यालयले |

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| प्रभाव तह मूल्याङ्कन | नगरपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>▪ प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि नपासमक्ष कार्ययोजना पेश गर्ने |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः

- नगरपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।

प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीकोलागि सार्वजनिक गरिनेछ ।

## अनुसूचिहरू

### अनुसूचि — १: वडागत कार्यक्रमहरूको विवरण

| | आर्थिक विकास |
|---|---|
| वडा नं. १ | **कृषि विकास कार्यक्रम**<br>➢ सतिघाट अँधेरीमा तोरी पकेट क्षेत्र बनाउने,<br>➢ नयाँ वस्तीमा अमृसो पकेट क्षेत्र बनाउने,<br>➢ साखेटार, बोडगाउँमा थोपा सिँचाइ सहित उत्पन्न हुने खाद्यान्न अन्न बालिलाई प्रवर्धन गर्ने,<br>➢ मर्स्याङ्दी वालुवामा वेसार र अदुवाको पकेट क्षेत्र बनाउने,<br>➢ तीन रोपनी भन्दा बढी जग्गामा केरा, मासको दाल, रहरको दाल, तिल, उखु, भुइँकटहर र लिचि खेति गर्नेलाई कृषि बिमा सहित वडाबाट प्रोत्साहन गर्ने।<br>**सिँचाइ**<br>➢ डिप बोरिङ निर्माण गनुपर्ने साँखेटार, ओझागाउँ, बोटगाउँ, भन्सार, सालविस्ने, नयाँवस्ती, कल्याणटार<br>➢ लिफ्टिङ मर्स्याङ्दीबाट उपल्लो वालुवा, मर्स्याङ्दीबाट तल्लो वालुवा, मर्स्याङ्दीबाट अँधेरी फाँट<br>**तटबन्ध**<br>➢ चुँदिखोलामा तटबन्ध निर्माण<br>➢ विमलनगर देखि जलविरेसम्म तारजालि, रिटेनिङ्ग दिवाल आवश्यकता अनुसार निर्माण गर्ने<br>**पशु विकास**<br>➢ एक घर एक मौरी घार कार्यक्रम सञ्चालन गर्ने,<br>➢ भन्सार बजार, सालविस्ने र सिमलटारमा भएका पशु फर्महरूलाई स्तरउन्नति गरी बजार व्यवस्थापन गर्ने,<br>➢ तल्लो वालुवामा माछापालन प्रोत्साहन गर्ने,<br>**उद्योग तथा उद्यम विकास**<br>➢ दुना, टपरीलाई सुचारु गर्ने, झिलिङ्ग, अचार, धुप, सिन्किका र ह्याचरी चल्ला उत्पादनलाई उत्पादनमा जोड दिने।<br>**वाणिज्य**<br>➢ कल्याणटार साजबोटमा पशु बधसाला निर्माण तथा व्यवस्थापन गर्ने ।<br>**पर्यटन विकास**<br>➢ भिमसेन कालिका मन्दिर प्रवर्द्धन तथा सतिघाटमा गाइथुने मन्दिरलाई तिर्थस्थलको रुपमा प्रवर्द्धन गर्ने ,<br>➢ गन्धर्व गाउँमा होमस्टे सञ्चालन गर्नु पर्ने,<br>➢ मठ मन्दिर, गुम्बा, चर्चहरूको संरक्षण गरी विभिन्न जातीय गुठीहरूलाई प्रवर्द्धन गर्ने,<br>➢ स्वास्थ्य र सरसफाइ सम्बन्धी वोर्डहरू राखी प्रत्येक टोल विकास संस्थाले ग्रिन पार्क निर्माण गरी प्रवर्द्धन गर्ने,<br>➢ भानु पार्क निर्माण गरी उक्त पार्कको गेट निर्माण गर्ने,<br>➢ चुँदी पुलमा भानु प्रवेशद्धार निर्माण गर्ने,<br>➢ भानुभक्तको सँस्कृति पहिचान हुने गरी भन्सार चौकिमा स्वागतद्धार निर्माण गर्नुपर्ने।<br>**सहकारी प्रवर्द्धन**<br>➢ सहकारीहरूलाई लेखा व्यवस्थापन, कार्यालय व्यवस्थापन, कर्जा व्यवस्थापन प्रस्तावना लेखन तथा प्रतिवेदन लेखन, अनुगमन तालिम, व्यावसायिक योजना निर्माण तथा बजारिकरण व्यवस्थापन गर्ने<br>➢ किसानहरूलाई विउ विजन उवलब्ध गराउनुका साथै कृषि यन्त्र र कृषि औजार वितरण गर्ने,<br>➢ समयमै किसानलाई समय अनुसारको विउ विजन लगायत मल वितरण गर्ने,<br>➢ कृषक समुह गठन गरी प्रवर्द्धन गराउने।<br>**आर्थिक विकासका अन्य क्षेत्रहरू**<br>➢ साजबोटे, सालविस्ने र ग्रीन पार्कमा हाट बजार मासिक रुपमा सञ्चालन गर्ने,<br>➢ भन्सार बजारमा दुध संकलन केन्द्र र फलफुल तथा तरकारी बजार स्थापना गर्ने,<br>➢ सालविस्नेमा कृषि संकलन केन्द्र स्थापना गर्ने। |
| | |

| | |
|---|---|
| वडा नं. २ | **१. पशु विकासः**<br>**क) दुग्ध उत्पादनः**<br>➢ दुध उत्पादनका लागि गाइ पालन व्यवसायलाई जोड दिने,<br>➢ भैंसी पालन गर्ने व्यवस्था मिलाउने,<br>➢ वडा भित्रका मुकुथोक, दाहालटार, आम्बोट, मलायाटार, फुस्रेटार क्षेत्रमा घाँसका विरुवा वितरण गर्ने,<br>➢ दुध संकलन केन्द्र स्थापना गर्ने र चिस्यान केन्द्रसम्म पुर्‍याउने ।<br>**खं) मासु उत्पादनः**<br>➢ बाखापालन व्यवसायलाई जोड दिने,<br>➢ रिठाबोट, मलायटार, नारेश्वरटार, दाहालटार, वेलटार भकुन्थोकलाई समेटेर बाखा पोकेट क्षेत्र निर्माण गर्ने,<br>➢ बाखाको नक्ष सुधार, ब्रिड उत्पादन तथा मूल्यमा एकरुपता कायम गर्ने नीति नियम बनाउने,<br>➢ ब्रोइलर कुखुरा उत्पादनमा जोड दिने,<br>➢ लेयर्स कुखुरा पालनमा जोड दिइ अण्डा उत्पादन गर्ने,<br>➢ लोकल कुखुरा, गिरिराज कुखुरा पालन गर्ने किसानहरूलाई अनुदानको व्यवस्था गर्ने,<br>➢ नगरपालिकामा वितरण हुने भेटेनरी सेवा औषधि उपचार आदिको व्यवस्था गर्ने ।<br>**तलिम तथा व्यवस्थापनः**<br>➢ वडा भित्रका कृषकहरूलाई समेटेर कृषि समूहहरूको गठन गरी कृषि व्यवसायलाई जोड दिने,<br>➢ महिलाहरूलाई आय आर्जन गर्न सक्ने बनाउनका लागि वडा स्तरको तालिम सञ्चालन गरी सम्पूर्ण क्षेत्रलाई समेट्ने गरी तालिमको व्यवस्था गर्ने ।<br>**चिस्यान केन्द्रः**<br>यो संस्थाम आवद्ध किसानहरूलाई लक्षित गरी एउटा चिस्यान केन्द्र वाटेश्वरटारमा स्थापना गरी उत्पादित वस्तु भण्डारण गर्ने ।<br>**सिचाँइः**<br>➢ ठूलो बगैंचा, भकुनथोक, नारेश्वरटार, कालामाटा, काउरेटार, मोरियाटार, रिठेबोट, कुशेटार र भलायटारका लागि मस्याङ्दी नदि र चुँदी खोलामा पानीको ड्याम बनाई सिँचाइ आयोजना सञ्चालन गर्ने,<br>➢ बहुजातीय संग्रहालय भवन निर्माण अति आवश्यक रहेकोले भवन निर्माण गरी उक्त क्षेत्र वरपरका सबै टोलको पायक पर्ने गरी किरियापुत्री भवन निर्माण गर्नु पर्ने,<br>➢ आपत विपतको वेला उद्धारका लागि उपयुक्त स्थानमा हेलिप्याड निर्माण गर्नु पर्ने,<br>➢ शति घाटको दाहसँस्कार गर्ने ठाउँलाई व्यवस्थित गर्नु पर्ने र उक्त स्थानमा मालामीका लागि घामपानीको बेला ओत बस्नका लागि सामान्य घर टहरा निर्माण गरी शौचालयको समेत व्यवस्था गर्ने,<br>➢ बौद हिमाली तमु समाजको चिहान डाँडाको घेरबाडको लागि आवश्यक तार जालिको व्यवस्था गर्ने<br>➢ कुमाल सँग्रहालय सत्यदेवि आमा समूह भवन निर्माण,<br>➢ रिठाबोट सहिद मार्ग बाटोमा सेलार बत्ति राखे,<br>➢ सत्यदेवि मार्ग र सहिद मार्ग बाटो स्तरोन्नति,<br>➢ रिठाबोट र ठूलोखोरिएको धारा निर्माण ।<br>**कृषिजन्य उत्पादनः**<br>➢ कृषि हाटबजार साप्ताहिक रुपमा नारेश्वरटारमा बनाउने,<br>➢ कृषि उपज बिक्रि गर्नको लागि नारेश्वरटारमा भानुचोक र मुकुन्थोकमा उपकेन्द्र संकलन केन्द्र स्थापना गरी सहकारी मार्फत कृषि बजार सम्म पुरयाइ किसानहरूलाई सहयोग पुरयाउने,<br>➢ व्यवसायिक रुपमा बाखा, कुखुरा गाइ तथा भैंसी पालन गर्न प्रोत्साहन गरी नारेश्वरटारमा दुध संकलन केन्द्र स्थापना गर्ने,<br>➢ रिठाबोट, भलायाटार, फुस्रेटार र नारेश्वरटार क्षेत्रमा व्यवसायिक माहुरी पालनको पोकेट क्षेत्र कायम गर्ने<br>➢ तरकारी सिजन र अफसिजनका लागि आवश्यक पर्ने विउ, मल र आवश्यक किटनासक औषधि उपलब्ध गराउनुका साथै कृषि सहकारी मार्फत कृषि औजार उपलब्ध गराउने त्यसै गरी थोपा सिचाँइ र लिफ्ट सिचाइँका लागि सहयोग पुग्ने गरी तरकारी खेति वडाभरी नै प्रोत्साहन गर्ने, |

| | |
|---|---|
| | ➢ रिठाबोट, फुस्रेटार, भलाएटार क्षेत्रमा हलेदो र अदुवा खेतिको विकास गर्ने,<br>➢ सुपथ खाद्य पसल सञ्चालन गर्न कृषि, सहकारीलाई सहयोग पु¥याउने,<br>➢ हाल सञ्चालनमा रहेका पार्कहरूलाई व्यवस्थापन गर्ने,<br>➢ पौराणिक कालदेखि निर्माण गर्दै आएको मासका भाँडा बनाउने कार्यलाई प्रोत्साहन गरी कुमाल समुदायलाई सहयोग पु¥याउने,<br>➢ लाम्दिखोला खानेपानी योजनाको रिजर्भ ट्यान्कि निर्माण गरी वितरणका लागि पाइपको व्यवस्था गरी एक घर एक धारा अनुसार मिटरबाट पानी वितरण गर्ने । |
| वडा नं. ३ | **कृषि विकास क्षेत्र**<br>➢ स्थानीय सहकारी मार्फत विपन्न कृषकहरूलाई सहुलियत पूर्ण ऋण कार्यक्रम<br>➢ लुम्ले अनुसन्धान केन्द्रको अध्ययनका आधारमा कालो मासको उत्पादन र पकेट क्षेत्रको लागि प्राथमिकता दिनु पर्ने<br>➢ घराधि, चंदिथोक र दोर्दोरे क्षेत्रमा टमाटरको पकेट क्षेत्र<br>➢ कल्लेरी फाटमा धानको पकेट क्षेत्र<br>➢ समुह मार्फत एकीकृत कृषि उत्पदान कार्यक्रम संचालन गर्नु पर्ने<br>➢ माटो परिक्षण मार्फत अर्गानिक खेति कार्यक्रम संचालन<br>➢ कुषक प्रोत्सानाह कार्यक्रम<br>➢ जैविकमा उतपादन प्रोत्साहन कार्यकम<br>➢ तुरतुरे, खहरे चामबासमा नया संकलन केन्द्र स्थापना<br>➢ आधुनिक कृषि औजार<br>➢ धुकुर्ती फाटमा चिस्यान केन्द्र निर्माण<br>➢ बाखा, टमाटर उत्पादन र सामुहिक तरकारी उत्पादनको लागि तालिम दुनुप्रने<br>➢ यस वडामा १ जना कृषि तथा पशु सेवा प्राविधिक र सेवा केन्द्र निर्माण गर्नुपर्ने<br>➢ कृषि website मार्फत नगरपालिकाले कृषि गतिविधि संचालन गर्ने<br>**सिचाई**<br>➢ महने चालिसे कुलोको (७००मिटर) मर्मत गर्ने<br>➢ सातबिसे खेतको माथिल्लो सिरानको कुलो मर्मत गर्ने<br>➢ चापेचौरको कुलो मर्मत गर्ने<br>➢ सेरा कुलो २ कि.मि मर्मत गर्ने<br>➢ काल्लेकुलो २०० मिटर मर्मत गर्ने<br>➢ धुकुर्दी कुलो २०० मिटर मर्मत गर्नु पर्ने<br>➢ फाउदि खोला ढकरीह बाट कल्लेरी सम्म आउने नया कुलो मर्मत ५कि.मि<br>➢ कल्लेर्री खोला टिडी खोलाको कुलो मर्मत (३०० मिटर)<br>➢ बार्हबिसे कुलो मर्मत<br>➢ सबै कुलो बर्षा यममा मात्र हुने<br>➢ लिफ्ट सिचाई वा बोरिङ मुख्य सम्भाव्यता अध्ययन गरी निर्माण<br>➢ दोरदोरटार,कालिकाटार मा सिचाई समस्या गर्ने<br>**पर्यटन**<br>➢ **दो**रदोरकोट कालिका मन्दिर पुन निर्माण पर्यटकीय पूर्वाधार निर्माण (चण्डीथोक बाट सुरु गरी पदमार्ग सिडी ३०० मिटर निर्माण गर्नुपर्ने (चैते दसैमा)<br>➢ जयपानी पिकनिक स्पोट,जयकालिका मेला मन्दिरलाइ संरक्षण र निर्माण कार्यक्रम<br>➢ सुनथैलीमा बाल अध्यन निर्माण (११ रोपनीमा) तुलुन्कोट देबी थान मन्दिरलाइ संरक्षण कार्यक्रम<br>➢ सातबिसे चामबिसे तुर्तुरेको ३ वटै गुम्बा संरक्षण निर्माण<br>➢ निर्जला मन्दिर जाने रेलिङ सहितको पदमार्ग निर्माण<br>**उधोग व्यवसाय** |

| | |
|---|---|
| | ➢ यस पालिकाको औधोगिक श्रम यसै वडामा रहेको औधोगिक श्रम विकास कार्यक्रम<br>➢ मिलिंगा निर्माणको लागी टपरी निर्माण कालागि कार्यक्रम<br>**श्रम रोजगारी तथा सामाजिक सुरक्षा**<br>➢ बाल श्रम अन्त्य गर्ने<br>➢ भेटनरी प्लमबिङ्ग इलेक्ट्रीसीयन मोबाइल मर्मत तालिम |
| | |
| वडा नं. ४ | **आर्थिक विकास**<br>➢ १५० रोपनी जग्गाको लागी ढकालथरमा सिंचाई बाँध तथा कुलो निर्माण<br>➢ १५० रोपनी जग्गामा सिँचाइको लागी देउती पिंढी सिंचाई बाध कुलो निर्माण<br>➢ ८ हेक्टर जग्गाको लागि धनुबोट बगरमा बाँध निर्माण<br>➢ सातविसे आपटारीमा १०० रोपनी जग्गाको लागि बाँध निर्माण<br>➢ बोक्सेरहमा पक्की बाँध कुलो निर्माण २०० रोनी जग्गाको लागि<br>➢ ढावे वगरमा बाँध कुलो निर्माण १०० रोपनीमा<br>➢ बजुवा टुनटाकी सिंचाई बाधकुलो निर्माण १६० रोपनी क्षेत्रफलमा रहेको जग्गाको लागि<br>➢ बाझाखेतमा सिंचाईका लागि कुलो निर्माण २०० रोपनी क्षेत्रफलमा रहेको जग्गाको लागि<br>➢ बोखे खोला सिँचाइ कुलो निर्माण २०० रोपनी क्षेत्रफलमा रहेको जग्गाको लागि<br>➢ बाह्रविसे खोला सिंचाई कुलो निर्माण ३०० रोपनी क्षेत्रफलमा रहेको जग्गाको लागि<br>➢ कुसुण्डे खोला सिंचाई कुलो निर्माण १५० रोपनी क्षेत्रफलमा रहेको जग्गाको लागि<br>➢ सिस्नेरी खोला सिंचाई कुलो निर्माण १५० रोपनी क्षेत्रफलमा रहेको जग्गाको लागि<br>➢ बाँसबोटे टारीखेत सिंचाई कुलो निर्माण १९४५ मिटर २३५ रोपनी जग्गाको लागि<br>➢ अंराइन खेत सिंचाई कुलो निर्माण<br>➢ चुदीखोला तठबन्धन ढकाल थर देखि बाङ्गे रह सम्म<br>➢ खहरे खोला सिंचाई<br>➢ ढावे खेत फाउदी सिंचाई<br>➢ उपल्लो रुप्टो सिंचाई<br>➢ ढुङ्गे खेत सिंचाई कुलो<br>➢ खुट्टे खेत सिंचाई कुलो<br>➢ फाउदी खोला टठबन्धन निर्माण अर्चले भञ्जयाङ्ग देखि चिसापानी सम्म पधेरा कुलो सिंचाई<br>➢ झहरे खोला देखि फाउदी सम्म टठबन्धन निर्माण<br>➢ आमबोटे देखि इशानेश्वर मन्दीर सम्म तठबन्धन निर्माण<br>➢ ८० रोपनी क्षेत्रफल भएको जग्गामा बोग्रे खोला सिचाई आयोजना निर्माण<br>➢ साना खोल्सी तठबन्धन निर्माण १ हजार मिटर<br>➢ बगुवा खोलामा ५ सय मिटर तठबन्धन निर्माण<br>➢ ६० रोपनी जग्गा भएको चापखोलामा बाँध कुलो निर्माण<br>➢ ३०० रोपनी क्षेत्रफल भएको जग्गाको लागि डुडे बाधकुलो निर्माण<br>➢ मराङ्गघाट धनकोस खेत संरक्षण चुदीखोला तठबन्धन ८ हेक्टर जमिनको लागि<br>➢ चालिसे खोला तठबन्धन दशमुरे देखि फाउदी सम्म<br>**धान जोन व्लक**<br>➢ बाह्रविसे टारी र लौडारी गाउँमा चक्लावन्दी<br>➢ खालटारी र बडहरे फाँट चक्लावन्दी तथा उन्नत धानको विउ तथा कृषि आधुनीकिकरण यन्त्र<br>➢ चुदी फाँट चक्लावन्दी तथा उन्नत धानको विउ तथा कृषि आधुनीकिकरण यन्त्र<br>➢ फाउदी सेरा फाँट चक्लावन्दी तथा उन्नत धानको विउ तथा कृषि आधुनीकिकरण यन्त्र<br>➢ बासपानी फाँट चक्लावन्दी तथा उन्नत धानको विउ तथा कृषि आधुनीकिकरण यन्त्र |

- चालिसे फाँट चक्लाबन्दी तथा उन्नत धानको विउ तथा कृषि आधुनीकिकरण यन्त्र
- गहतरी देखि कटुवा खेत सम्म चक्लावन्दी फाउदी उन्नत विउ विजन तथा सहज र सरल कृषि औजारहरू
- माटो परिक्षण गर्ने व्यवस्था संकलन केन्द्र बजारीकरण

**तरकारी जोन**

- खातिथोक अर्गानिक तरकारी उत्पादन कृषक समुह सिंचाई व्यवस्थापन
- खमलटाठी बडहरे कृषक समुहलाई आलु राख्ने सित भण्डार तथा कृषि उपज संकलन केन्द्र निर्माण
- टमाटर खेतीको लागि टनेल घर निर्माण कार्यक्रम खातिथोक कालिका लहरेवाली तथा कोषे वाली कार्यक्रम खमलटारी बडहरे कृषक समुह
- खतिथोक टमाटर उत्पादन सितभण्डार केन्द्र बनाउने
- विकल्प कृषक समुहलाई पक्की टनेल तथा सिंचाई कुलो निर्माण गर्ने

**पशु विकास कार्यक्रम**

- भानु ४ मा गोठ सुधार कार्यक्रम संचालन गर्ने
- बाखा पालनको लागि खातीथोक, चिसापानी, लौडारी गाउँ, तिलाहार, कुमाल गाउँ खुर्पाजुङ लगायतका गाउँहरूमा भँई घाँस डाले, घाँसको विउ विजन कृषकलाई उपलब्ध गराउने
- सुधारीएको भकारो सुधारका साथै खोर निर्माण गर्ने ५ वटा भन्दा बढी बाखा पाल्नेलाई र भैसि ३ भन्दा माथि पाल्ने कृषकहरूलाई अनुदान दिने
- दर्ता भएका कृषक समुहलाई उन्नत जातको माउ बाखा र व्याडे बोका वितरण गर्ने
- कृषक समुहमा पविधिक सहितको टोलिले विउ विषादी र विमा गर्ने कार्यक्रम संचालन गर्ने
- उत्पादीत भएका माउ तथा व्याडे बोकाको बारेमा सहजीकरण गर्ने
- माछापालन कार्यक्रम ल्याउने
- मौरी पालन कार्यक्रम संचालन गर्ने
- मौरी पालन तथा माछा पालनको लागि कृषकहरूलाई प्रोत्साहन गर्ने

**उद्योग तथा उद्यम विकास**

- कृर्षि उपज अन्नलाई प्रसोधन गरी बजारीकरण गर्नुपर्ने
- टमाटरको सस बनाउनका लागि वडामा लघुउद्याम विकास गर्ने
- आलुको चिप्स बनाई दमौली र खोखरा बजारमा विस्तार गर्ने
- बेसारलाई प्रसोधन गरी बजारीकरण गर्ने
- अदुवाको धुलो तथा सुठो बनाई बजारीकरण गर्ने
- दुग्ध संकलन केन्द्र स्थापना गरी बजारीकरण गर्ने
- मासु उत्पादन तथा बधशाला निर्माण गर्ने
- कुविन्डो तथा लौकाके मिठाई बनाई बजारीकरण गर्ने
- प्राङ्गगारीक मल उत्पादन तथा वायो ग्याँस प्लान निर्माण गर्ने
- कृषकहरूलाई लघुउद्यमशिल कार्यक्रम संचालन गर्ने
- मौरी पालन कार्यक्रम तथा मह बजारीकरण गर्ने
- मैलिक संस्कृतिक तथा सजावटको लागि माटोका भाडाकुडा, बासका टेवुल कुर्सी जस्ता उद्यमशील विकास हुने तालिम संचालन गरी बजारीकरण गर्ने

**वाणिज्य**

- चुदी गाउँमा हप्ताको एक दिन कृषि तथा पशु उत्पादनलाई हाट बजार कार्यक्रम गर्ने
- बजारीकरण गर्न कृषि उपजलाई वडा तथा नगरपालिकाले व्यवस्थापन गर्ने

**पर्यटन विकास**

- भानु जन्मस्थल लाई विकसीत पार्कको रुपमा निर्माण गरी पर्यटनको विकास गर्ने
- चुदी खोलामा तटबन्धन गरी ठाउँ ठाउँमा पानी जम्ने पोखरीको निर्माण गरी सुन्दर चुदीलाई नमुनाको रुपमा बनाउने
- खातिथोक डाडाँको टमाटर टनेल कृषि पर्यटन विकास गर्ने

| | |
|---|---|
| | ✍ हजुरको कुटी शिवालय मन्दिर निर्माण तथा मन्दिर परिसरमा कम्पाण्ड निर्माण गर्नु पर्ने<br>✍ खातिथोक थानिमाई मन्दिरको जगेर्ना गरी भक्तजनको लागि पर्यटन विकास गर्ने<br>✍ रानीगाउँ होमस्टे सामुदायीक होमस्टे भवन निर्माण गर्नु पर्ने<br>✍ कुमाल गाउँ होमस्टे<br>✍ तामाकोट गुफा संरक्षण<br>✍ इशानेश्वर मन्दिर परिसर निर्माण तथा संरक्षण गर्ने<br>✍ बडहरे बगैचा संरक्षण<br>✍ सौर्य लाइट जडान गरी रात्रीमा पर्यटक हिंडने गरी सहज वातावारण बनाउने<br>✍ भानु पार्क शिखर कोटेरी सम्म आउने रेलिङ्ग सहितको सिंडी निर्माण गर्ने<br>✍ धोति चौर देखि वडा कार्यालय सम्म जानेगरी रेलिङ्ग सहितको सिंडी मार्ग निर्माण गर्ने<br>**सहकारी प्रवर्द्धन**<br>✍ भानु ४ का वासिन्दालाई एक घर एक सदस्य बनाउने<br>✍ कृषि सहकारीको संस्थालाई मल विउ विजन वितरण गर्ने<br>✍ कृषि सामाग्रीहरूको पर्याप्त मात्रामा उपलब्ध गराउनु पर्ने<br>✍ चुदी कुलाल गाउँहरूको बजार व्यवस्थापन गर्नुपर्ने<br>✍ तरकारी तथा फलफूल संकलन गर्न नयाँ भवन निर्माण गर्नु पर्ने<br>✍ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थालाई कृषि सामाग्री उपलब्ध गराउनु पर्ने<br>✍ कृषि तथा पशुपालनमा अनुदान र कम व्याजदरमा ऋण प्रवाह गर्नु पर्ने<br>✍ सहकारी सम्बन्धी तालिमको व्यवस्थापन गर्नु पर्ने<br>✍ सहकारी मार्फत कृषि तथा पशुपंक्षीको विमा गरी कृषकलाई सहज बनाउन सहयोग गनुपर्ने। |
| | |
| वडा नं. ५ | **कृषि विकास**<br>✍ दक्ष प्राविधिक बिषेशक- १कृषि, १ पशु प्राविधिक व्यवस्था<br>✍ सुदाम कन्ले सिंचाई कुलो मर्मत संभार<br>✍ ढाँड खोला विरुवा सिंचाई कुलो मर्मत संभार<br>✍ कृषि तथा पशुपालन तालिम (अदुवा, एभोकाडो बेसार, बेमौसमी तरकारी, कागती)<br>✍ आलु खेती, तोरी खेती प्रवर्द्धन कार्यक्रम<br>✍ वडा नं. ५ कोल्ड स्टोर निर्माण (सेपा बगैचा)<br>✍ कृषि उपज संकलन केन्द्र (सेपा बगैंचा)<br>✍ सहकारी मार्फत मल तथा विक्री वितरण सहजिकरण —<br>✍ मैवलकोट अम्रिसो पकेट क्षेत्र<br>✍ मौरी पालन प्रवर्द्धन कार्यक्रम<br>✍ अदुवा खेती (ओकलाङ)<br>✍ स्याउ खेती प्रवर्द्धन<br>**पशुपालन**<br>✍ बाख्रापालन (मैवल कोट)<br>✍ सिँचाइ<br>✍ डाँडाखेत कुलो मर्मत संभार (तल्लो-उपल्लो)<br>✍ कुवा मर्मत — मैवाल, चैनपुर<br>✍ बोझे खेत बाँध कुलो मर्मत<br>✍ ठाँटी बोटे बाँध, पिप्ले बाँध मर्मत संभार<br>**उद्योग**<br>✍ आरन प्रवर्द्धन तथा स्तरउन्नति कार्यक्रम |

| | |
|---|---|
| | ✎ कृषि यान्त्रिकरण (धान रोप्ने मेशिन)<br>**पर्यटन**<br>✎ मैवलकोट पर्यटकीय पूर्वाधार निर्माण<br>✎ शिवालय मन्दिर मर्मत संभार<br>✎ मनकामना मन्दिर मर्मत संभार<br>✎ कोटकालिका मन्दिर मैवालकोट मर्मत संभार<br>✎ देवी देउराली मन्दिर बारीफाँट मर्मत संभार<br>✎ भूलभूले बराह मन्दिर मर्मत संभार<br>✎ नागनगेनी मन्दिर मर्मत संभार |
| | |
| वडा नं. ६ | **आर्थिक विकास**<br>➢ मुलपानी खानेपानी अधुरो योजना सम्पन्न गर्ने<br>➢ मान्द्रे बरभञ्ज्याङग रुपले पानीको अभाव योजना पार्ने<br>➢ मेलडाँडा ग्रेहथोक खानेपानी सम्पन्न गर्ने<br>➢ वार्डमा सबै कृषक सदस्य रहने गरी कृषि सहकारी खोल्ने<br>➢ मुलपानी एरियामा धान र तोरीको पकेट क्षेत्र निर्माण<br>➢ धान, मकै, कोदो, तोरी, आलु, अदुवा, तिल र मास उत्पदान गर्ने<br>➢ मन्द्रेमा मास, मकै, हलेतो र अदुवाको पकेट क्षेत्र बनाउने<br>➢ ढुनगाडेमा मकै, मास अकबरे खुर्सानी, अदुवा, हलेतो, तिल र धान उत्पादन गरी मकैको पकेट क्षेत्र<br>➢ बुल्दिसंगटोलमा धान, मकै, अदुवा र कोदो उत्पादन गरी कोदोको पकेट क्षेत्र बनाउने<br>➢ डाडाथोक गेह्रथोक र मलेडाडामा धान, मकै, अदुवा, बेसार, कोदो र मास उत्पादन गर्ने<br>➢ कटहरेमा धान, मकै, तोरी र आलु उत्पादन गरी तोरी ए आलुको पकेट क्षेत्र बनाउने<br>➢ टुरेपसलमा धान, मकै, आलु र तोरी उत्पादन गरी आलुको पकेट क्षेत्र निर्माण गर्ने<br>➢ खोत्रोखोलामा धान, मकै, तोरी, आलु र मास उत्पादन गर्ने<br>➢ संगुरथापा गाउममा कोदो र तोरी उत्पादन र मकैको पकेट क्षेत्र निर्माण गर्ने<br>➢ सिम्पानीमा कोदो, मकै, मास, सुन्तला र भट्ट उत्पादन गरी सुन्तला र कोदोको पकेट क्षेत्र निर्माण गर्ने<br>➢ वडा न. ६ मा कृषि सहकारी संस्था नभएकोले वडामा सहकारी संचालन गर्ने<br>➢<br><br>**पशु**<br>➢ दुग्ध सहकारी दर्ता गर्ने<br>➢ दुग्ध संकलन केन्द्र मुलपानी, टुहरे पसल र लंगबारी<br>➢ दुग्ध सहकारी मार्फत दूध बिक्रि गर्ने<br>➢ एक कृषक १ दुग्ध सहकारी सदस्य<br>➢ वडामा पशु बिमा पशु प्राविधिक साथै कृषि प्राविधिक<br>➢ भरभन्ज्याङमा बाखा, मौरी, गाइ भैंसी र बगुर पालन गर्ने<br>➢ गोड सुधार<br>➢ घास उत्पादन<br>➢ मुलपानी र पड्केपसलमा दुग्ध केन्द्र स्थापना गर्ने<br>➢ मुलपानीमा भैसी, बाखा, गाइ, कुखुरा पालन गर्ने र भैसी र गाइ पालन पकेट क्षेत्र निर्माण गर्ने<br>➢ मान्द्रेसर्पल डाडथोकमा बाखा र कुखुरा उत्पादन गरी बाखा र मौरीको पकेट क्षेत्र निर्माण गर्ने<br>➢ कटहरे टुहुरेपसलमा गाइ, भैसी, बाखा, कुखुरा, बंगुर र मौरीपालन गर्ने<br>➢ खगीखोला थापागाउमा गाइ, भैसी, बाखा, मौरी, बंगुर उत्पादन गरी मौरीको पकेट क्षेत्र निर्माण गर्ने<br>➢ सिमपानीमा बाखा, बंगुर र मौरी उत्पादन गरी बाखा र मौरीको पकेट क्षेत्र निर्माण गर्ने |

| | |
|---|---|
| | ➢ कृषिबाट उत्पादित कृषिजन्य बस्तुलाई cold store निर्माण गरी बजार व्यवस्थापन गर्ने<br>➢<br>**उद्योग व्यापार**<br>➢ हाटबजार एरिया सञ्चालन गर्ने<br>➢ वडा न. ६ एरियाको लागि सालका पातहरू बाट दुनाटपरी निर्माणका लागि आमा समुहलाई तालिम दिई मेसिन उपलब्ध गराउने<br>➢ वडा न.६ मा अन्तर्गत उद्योग व्यावसायिक सहकारी संस्था महिला विकास सशक्तिकारण गराउने<br>➢<br>**सिंचाइ**<br>➢ ढकालकुना फाटको कुलो स्तर उन्नति गर्नु पर्ने<br>➢ २० हेक्टर सिचाई र खानेपानीका लागी बेलघारी बोरिन आयोजना निर्माण गर्ने<br>➢ बार्थे पनि खानेपानी र कुलोको स्तर उन्नति<br>➢ सबै कुलोहरूको स्तर उन्नति गर्ने<br>➢ छाडी खोला १क़ २५ रोपनी<br>➢ चुडी बराहा बाँध कुलो निर्माण<br>➢ चुदीखोला तटबन्धन<br>**पर्यटन**<br>➢ राष्टिय विभुति अमर सिह थापा पार्कलाई स्तर उन्नति गरी पर्यटन प्रवर्द्धन गर्ने<br>➢ बाहबर्षे गादोबरी भोलाको मन्दिर व्यवस्थापन गर्ने<br>➢ सिमपानी एरियामा पर्यटन क्षेत्र निर्माण गर्ने |
| | |
| वडा नं. ७ | **क. कृषि विकास कार्यक्रम**<br>**सिचाई व्यवस्थापन**<br>➢ १२० रोपनी जग्गामा मिलनटोल सिस्नेरी खोला बाँध बाँधी स्थायी कुलो निर्माण<br>➢ कालिका टोलको ४ ठाँउमा (राम्धातार) पधेरे खोला बाँध निर्माण<br>➢ वक्रटार टोल भित्र डुड खोला कुलो निर्माण<br>➢ बक्रटार टोल भित्र पर्ने बाह्रबिसे कुलो मर्मत<br>➢ नेपाल गाउ कुलो निर्माण<br>➢ बिरुवाटारमा कत्ले कुलो मर्मत<br>➢ भट्तारी माथिल्लो र तल्लो कुलो मर्मत<br>➢ रम्घाटार, ब्रर्कटार, बिरुवाटार, भट्टारिको लागी डिप बोरिंग को व्यवस्थापन<br>➢ चिरकट्टा नौबिसे सिचाई कुलो तथा व्यवस्थापन गर्ने<br>➢ १० ९० रोपनीमा पर्ने मह्खोला नौबिसे कुलो निर्माण सम्पन्न गर्नु पर्ने<br>➢ ११. कटुवा बाध निर्माण गर्नु पर्ने<br>➢ १२. बाह्धोर्के बाध कुलो निर्माण<br>➢ १३. ढुंगेचालिस कुलो बाध मर्मत<br>➢ १४. नस्पाउदि अधुरो खोला कुलो निर्माण<br>➢ १५.२०० रोपनीमा लाग्ने इन्द्रटारी कुलो मर्मत<br>➢ १६. करिब १ किलोमिटर ७० रोपनीको लागी सानो धारापानी कुलो मर्मत<br>➢ १७. कोछापानी कुलो मर्मत र तारजाली उपलब्ध गर्ने<br>➢ १८. कार्की गाउको धारापानी खेत कुलो निर्माण र डाडाखोलाको कुलो मर्मत<br>➢ १९. सल्यानटार धारापानी बाध र कुलो निर्माण<br>➢ २०. काउरे गैरी खेत कुलो मर्मत |

| | |
|---|---|
| | ➢ २१. असिखेत बाध कुलो निर्माण र जाली<br>➢ २२. डुडी खोला पन्द्रको कुलोको बाँधमा जाली उपलब्ध गर्ने<br>**सामुहिक खेति प्रणाली**<br>समुह निर्माण गरी वडा भरिका बाजो रहेका जमिनमा समुह बनाइँ सामुहिक खेति प्रणाली अपनाउने<br>**खोला तटबन्ध खेति योग्य जमिन जोगाउन तारजाली तटबन्ध गर्नुपर्ने खोलाहरू**<br>➢ १.बगुवा करिब ३ किलोमिटर<br>➢ चरडगेखोला करिब ४ किलोमिटर<br>➢ ३.फाउदी खोला करिब ७ किलोमिटर<br>➢ धारापानीखोला करिब ४ किलोमिटर<br>➢ चितिखोला तटबन्ध निर्माण<br>➢ वरर्कटार बाध-खोला तारजाली तटबन्ध<br>➢ जुडिखोला सेराटोल बाध कुलो मर्मत गर्ने र तारजाली व्यवस्था गर्ने<br>**पशु विकास कार्यक्रम**<br>➢ बाखा पालन को लागी गोठ सुधार र अनुदानलाई उच्च प्राथमिकतामा राख्ने<br>➢ उन्नत जातको बोका बितरण गर्नुपर्ने<br>➢ बाखा पालनको लागि यस वडाका सम्पूर्ण टोललाई उच्च प्राथमिकता दिनु पने<br>➢ दुध उत्पादनको लागि सेराटोल, मिलन टोल, कालिका टोल, टुहुरे पसल ,रम्घाटार कालिका टोल, वर्कटार टोल, बिरुवाटार टोल र भट्तारी टोलमा उन्नत जातका भैसी, गोठ सुधार र नक्ष सुधारका कायक्रम लागु गनुपर्ने<br>➢ पशु विकास कायक्रमको लागी उन्नत जातको डाले घासका बिरुवा, नोपियर, जौ जस्ता घासका बिउबिजन बितरण सहज गनुपर्ने<br>➢ बुगुर, सुगुर पालनको लागि गैरीगाउ प्रिन्सेस एकिकुत कृषि तथा पशु फर्मका लागी थानीमाई टोललाई उच्च प्राथिमिकता राखी उन्नत जातका पाठपाठीर खोर अनुदान थानीमाई टोल भित्र रहेको पुर्दिमा कृषि तथा पशुफर्म लाई अनुदान सहयोग गर्ने ।<br>**उधोग तथा उधम विकास**<br>आमा समुहहरूलाई परिचालित गरी दुना टपरी, झिलिगा, मैनवती, अग्ररवती जस्ता लघु उधोगहरू उच्च प्राथमिकतामा राखने सिलाई बुनाई जस्ता सिप मुलक कायक्रम संचालन गने ।<br>**बाणिज्य**<br>वडा भित्र भएका कृषि पशुपालन तथा महिना उधमीहरूले उत्पादन गरेका आयआर्जनका बस्तुहरू बजार व्यवथापनक लागि भवन निर्माण गर्ने र व्यवस्थित तरिकाबाट बजार व्यस्थापन गर्ने<br>**पर्यटन विकास**<br>➢ थानीमाई मन्दिरलाई तनहु जिल्लाकै नमुना पर्यटकीय स्थलमा परिणत गर्ने संध प्रदेशमा पहल गरी थानीमाई मन्दिरलाई उच्च प्राथमिकता दिने<br>➢ गैरीगाउ कोरथोक, गोखालीछाप र चन्दनीलाई होमस्टे संचालन गर्ने<br>➢ रम्घाटार कालिका टोलको बाखेडाडामा पार्क स्थापन गर्न उन्नत जातका बिरुवा, फुल, टहरा निर्माण गर्नु पर्ने ।<br>**सहकरी प्रवर्द्धन**<br>यस फाउदी कृषि सहकारी संस्थाको पूर्वाधार विकास गरी कृषि योग्य मेशिनरी औजार उपलव्ध गराउने ।<br>मिलनटोल चिरिखोला कार्की गाउमा रहेको माछापुछ्रे सहकारी सस्थाको लागि उचित सहयोग गर्ने<br>**आर्थिक विकासका अन्य क्षेत्र**<br>वडा भित्र रहेका बिभिन्न टोल, रामधाटार कालिकाटोल मिलनटोल, वरकटारटोल, बिरुवाटारटोल र मात्यरी टोलको बेशीटार फाटमा फलफुल आप, लिची,कटहर, केरा, भोइकटर जस्ता फलफुलका लागी पकेट क्षेत्रका लागी उन्नत जातका लागी बिरुवा वितरण र नमुना टोल स्थापना गर्ने |
| | |
| वडा नं. ८ | **कार्यक्रम** |

| | |
|---|---|
| | ➢ ह्याचरी र घरपालुवा जनावरको मलमा ढुवानीको व्यवस्था मिलाउनु पर्ने<br>➢ मल ल्याउनका लागी उचित योजना निर्माण गर्नु पर्ने<br>➢ पावर टेलर जस्ता कृषि यान्त्रिकरणको व्यवस्था गर्नु पर्ने<br>➢ डुम्रे बजारमा रहेको भण्डारण केन्द्र स्थापना गरी सोहि क्षेत्रलाई आधार मानेर सेवामुलक सहकारी संचालन गर्ने<br>➢ बादर व्यवस्थापन कार्यक्रम<br>**पशुपालन**<br>➢ गोठ र खोर सुधार कार्यक्रम<br>➢ दुधमा अनुदान<br>➢ माथिल्लो बेल्टमा बाखा र तल्लो बेल्टमा पशुमा अनुदान<br>➢ यस वार्डमा एक भेटेनरी र कृषि प्राविधिक कार्यालय स्थापना<br>➢ कृषि मलको अभाव मल बितरण गर्ने गोठेमललाइ व्यावस्थित गनुपने<br>➢ २ भैसी पाल्नेलाई गाठे सुधार सुघार कार्यक्रम ल्याउने<br>➢ कृषि सहकारी संस्था खोल्नु पर्ने र मल बितरण सहज गर्नु<br>➢ कृषि सामग्रीलाई बितरण गर्दा सिमा<br>➢ चक्लाबन्दी कार्यक्रम ल्याउने<br>➢ हाते ट्रयाक्टर बितरण कार्यक्रम ५ हर्सपावर भन्दामाथिका हाते ट्रयाक्टर प्रदान गनुपर्ने कृषकको उत्पादन भएको सामन स्टोर व्यवस्था गर्नुपने<br>➢ २ वटा दुहुनु गाइ/भैसी पालन गर्ने कृषकलाई गोठ सुधार कार्यक्रम गर्ने<br>➢ बिपन्नलाई ५०% अनुदान दिनुपर्ने<br>➢ डाडा बेल्ट लाई बाखापालन समथर भू.भागमा गाइ भैसी पालन गर्नुपर्ने<br>➢ बिमा कार्यक्रम गर्नुपर्ने<br>➢ वडा स्तरीय भेटनरी र प्राबिधिकको व्यवस्था<br>**सिंचाई**<br>➢ ४३ करोडको D.P.R सहितको कार्यक्रम सिचाई बिभागमा रहेको छ मोलैरह फाउदी खोला खोला, सितिसे गहिरिफाट खोला ६०० हेक्टरका लागि ड्यान निर्माण सहितको लिफिटिंग सिचाई आयोजना निर्माण<br>➢ १५ वटा डिप बोरिङ निर्माण गर्ने<br>➢ २० वटा कुलोको स्तर उन्नति गरिदिनु पर्ने<br>➢ कुलो दर्ता गर्नु पर्यो टोलमा समुह बनाई गर्नुपर्ने<br>➢ मोर्लेरह फाउदी खोला **DPR.** ४३ करोड लिफ्टिङ सिचाई योजनालाई आगाडी बढाउनु पर्ने<br>➢ कडेलफाट खोला सिसिसेट खोला, गैरीफाट खोला अगैलफाट अन्य खेतका खोलालाई साना सिचाई योजन<br>➢ १५ वटा बोरिन सिचाई योजना ल्याउने<br>➢ चलिरहेको कुलो मर्मत संभार गर्नुपर्ने<br>**पर्यटन**<br>➢ नेमुनी पार्क, तेलकाटि खोला, निर्जला मन्दिर, जिनदारसतह महादेव मन्दिर, प्रसिद् गुफा, अन्नपूर्ण मन्दिर तथा गुम्बा पुर्कोट कालिका मन्दिरको स्तर उन्नति र सहि पर्यटन प्रबदन गर्ने<br>➢ सयुक्त पेमा छयोलिंग गुम्बाको स्तर उन्नति गर्नुपर्न<br>➢ जिर्णटार भएको नेकखी पार्क, सतल महादेव मन्दिर, निर्जला मन्दिर, प्रसिद् गुफा, अन्नपूर्ण तथा गुम्बा मन्दिर पुर्कोटकालिका मन्दिर तेलकारीखोला चेपघाट दोभान संयुक्त पेमा दोईलिन गुम्बा पुष्प व्यावसय गनुपर्ने<br>**उद्योग व्यबसाय**<br>➢ दुना टपरी, आयर, मस्यौदा, तितौरा, गुन्द्रक, हस्तकला लधुउधम सहायता कार्यक्रम काठका जनवारका चित्रहरू बनाउन पर्ने<br>➢ उखु उत्पादन प्रबन्ध कार्यक्रम संचालन गर्ने<br>➢ लधु उधम सहायता कार्यक्रम<br>➢ दुना टपरी उद्योग स्थापना |

| | |
|---|---|
| | ➢ पुष्प व्यवसाय<br>**श्रम तथा रोजगारी**<br>➢ उद्योग र कृषिलाई जोडेर रोजगारी व्यवथापन गर्नुपर्ने<br>➢ दुग्ध उत्पादन परिकार मार्फत रोजगरी जोड्ने<br>➢ वितिय साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने<br>➢ प्राविधिक तथा कच्चा पदार्थलाई प्रयोग गर्नु<br>➢ उखु खेति प्रबधन<br>➢ दुग्ध उत्पादन र खेति गर्ने कृषकलाई प्रोतसाहन कार्यक्रम |
| | |
| वडा नं. ९ | **कृषि विकास कार्यक्रम**<br>➢ चाक्लावन्धी लुगैफाँट पातल गल्टेफाँट वेरिबोटो वलटार किर्नेफाँटमा कृषि सम्बन्धी कायृक्रम संचालन गर्ने<br>➢ सङ्गाले चारय फाँट अम्लेबोटे र आहाले फाँट क्षेत्रमा १०० हेकटर जमिनमा कृषि संचालन<br>**पकेट क्षेत्र**<br>➢ चिदिखोला फलफूल तथा चिया खेती<br>➢ डुम्री खर्क तरकारी खेती आलु खेती<br>➢ च्युडे फाँट पातल फाँट साङले फाँट लगायतका फाँटहरूलाई व्यवस्थित गरी तरकारी पकेट क्षेत्र बनाउनु पर्ने<br>➢ तेरतेर गाउँ पुछार गाउँ कोदो  वल्क निर्माण गर्ने अन्दाजी ३०० रोपनी<br>➢ काउरेटार कालामटर मास पकेट क्षेत्र<br>➢ साना सिंचाईको लागि पुर्ण छुट माग गर्ने<br>➢ सम्पुर्ण कृषिको लागि विद्युत पुर्ण छुट माग गर्ने<br>➢ फलफुलमा किटनाशक एवं विषादी युक्त प्रविधिको विकास गर्न<br>➢ संकलन केन्द्र स्थापना गरी आयात निर्यातलाई सहजा बनाउने<br>➢ खोप तथा परजिवी नियन्त्रण शुफत मुल्यमा व्यवस्थापन गर्नु पर्ने<br>➢ गोठ तथा  खोर सुधार मुलसंकलन तथा मल खातको व्यवस्थापन ५० प्रतिशतले गर्नुपर्ने<br>➢ पशु खरिद मल ढुवान र विक्रिमा अनुदानको व्यवस्थान गर्नुपर्ने<br>➢ पशु अनुदानको व्यवस्थापन गर्ने<br>**उद्योग तथा उद्यम विकास**<br>➢ सस अचार स्थानीय मदिरा उत्पादन सम्बन्धी प्रशिक्षण संचालन<br>➢ मिठाई, पकौडा, पराट्टा, लागयत मासुका विभिन्न परिकार<br>**वाणिज्य**<br>➢ कृषि जन्य रैथाने उत्पादन कोदो मकै धान लगायत वालीहरू विविधकरण<br>➢ पश लगायत अन्य उत्पादन हाटबजार व्यवस्थापनका लागि बजारीकरण गर्ने<br>**पर्यटन विकास**<br>➢ होमस्टे प्रवर्द्धन गर्ने चितिखोला डुम्रीखर्क आदि स्थानमा<br>➢ जंगल पथ मार्ग डुम्रीखर्क लामेडाँडा जामुने कोटाको पहरे खोला कालीमाटी आदि क्षेत्र<br>➢ मिना पार्क, चिदिखोला काउरेटार बंगैचा जामुने छहरे खोल्सा हुँदै डुम्री खर्क चौतारा सम्म<br>➢ फुर्कोट कालिका मन्दिर डुम्रीखर्क काउरेटार बगैचा अर्चले कालिका मन्दिर बाँधखोला खारापनी कालीका मन्दिर<br>➢ खारपानी गुम्बा गडीमाई काउरेटार कालीका डुम्रीटार भिमसेन मन्दिर चिदिखोला वान देवि शुन्तले ब्रम्हकुमारी भवन एक घर एक सडक कृषि सहकारी सदस्य बनाउनु पर्ने। |
| | |
| वडा नं. १० | **१कृषि विकास .**<br>➢ तरकारी, खाद्यान्न वाली उत्पादन गर्नको लागि सानहरालाई ठूलागहरा बनाउन पहल गर्ने,<br>➢ उन्नत विउ विजनको व्यवस्था गराउने, |

| | |
|---|---|
| | ➢ कृषि प्रविधिमा प्राङ्गारिक मल, र गोठे मलको व्यवस्था गरी जोड दिने,<br>➢ माटो परीक्षण गरी माटो सुहाउँदो बालि उत्पादनमा जोड दिने,<br>➢ कृषि औजारको व्यवस्था गर्ने जस्तै धान काट्ने मिनि टेलर, थ्रेसर, गोडमेलका सामान इत्यादि,<br>➢ प्लाष्टिक टनेल निर्माणमा जोड दिने,<br>➢ नर्सरी निर्माणका लागि ठाउँ ठाउँमा हाइटेक टनेल राख्ने,<br>➢ मौरी पालन प्रवद्र्धन गर्नका लागि एक घर ५ घारको व्यवस्था गर्ने,<br>➢ बाललहरी टोल, गहतेरी र सिमचौरमा तरकारी खेति र धान खेतिका लागि गरा सुधार गर्ने,<br>➢ उन्नत विउ विजनः चोक कोट, याङ्गसिङ्ग, लामाचौर, भिरचौर, लौडारी भञ्याङ्ग र आरुखर्क क्षेत्रमा हलेदो र अदुवा खेतिका लागि उन्नत विउ विजनको व्यवस्था गर्ने,<br>➢ तोरी र मकैः दुधकुना, लुइटेलफाँट, कालिमाटि, लामास्वारा, भिरचौर, कालिपोखरी र सिमलचौर क्षेत्रमा तोरी र मकै खेति गर्ने,<br>➢ कोदो, धानः कालिपोखरी, याङ्गसिङ्ग, कोटगाउँ, कालिमाटि, लामास्वारा, दुधकुना, हट्टिया, भिरचौर भञ्याङ, गहतेरी र सिमलचौरमा कोदो र धान खेति गर्ने,<br>➢ तरकारीः कोटगाउँ, गहतेरी, कालिपोखरी, दुधकुना, हट्टिया, भिरचौर भञ्याङ र सिमलचौर कालिमाटिमा आलु, बन्दा, काउली, टमाटर, घ्यूसिमि, करेला, काँक्रो, फर्सि, गाँजर, धनिया, केराउ, प्याज, लसुन, बोडि, तरुल, पिडालु र सिमि खेति गर्ने,<br>➢ सुन्तला खेतिः दुधकुना, लामास्वारा, कालिपोखरी, रिपभञ्याङ, कोटगाउँ र सिमलचौरमा सुन्तला खेति गर्ने ।<br>**२ :पसु विकास .**<br>➢ भानु १० लाई बाखा पालनको लागि पकेट क्षेत्र घोषणा गर्ने ।<br>➢ भकारो सुधार कार्यक्रम अन्तर्गत प्रत्येक कृषकले अनुदान आवेदन फाराम भर्ने ।<br>➢ प्राङ्गारिक मल उत्पादन गर्नका लागि तालिम सहित अनुदान दिनु पर्ने ।<br>➢ याङ्गसिङ्ग, दुधेकुना, सिमलचौर, लौडारी भञ्याङमा गाइ र भैसिँ पालन क्षेत्र बनाउने ।<br>**३ :उद्योग तथा उद्यम विकास .**<br>➢ वडामा भएका महिलाहरुलाई सिलाइ बुनाइ, टपरी बनाउने, बाँसको र्‍याक बनाउने तालिम सञ्चालन गर्ने,<br>➢ साना साना मिलहरु सञ्चालन गर्ने,<br>➢ अदुवा वा हलेदो पकेट क्षेत्रमा अदुवा र हलेदो प्रशोधन गरी वा पिनेर पोका निर्माण गरी बजारमा पठाउने,<br>➢ अगरबत्ति निर्माण गर्नको लागि प्रोत्साहान गर्ने,<br>➢ वडा कार्यालय र कालिमाटिमा दुध र फलफुल हुने ठाउँमा चिस्यान केन्द्र स्थापना गर्ने ।<br>**४:वाणिज्य .**<br>➢ टोल टोलमा उत्पादित वस्तुलाई संकलन गरी बजार व्यवस्थापन गर्ने बजारमा सुपथ मूल्य पसल खोल्न आवश्यक व्यवस्था गर्ने,<br>➢ बखा कुखुरा र राँगा पल्ने ठाउँमा मासु पसल खोल्ने,<br>➢ रमपुटारमा घुम्ति हाटबजार सञ्चालन गर्ने व्यवस्था मिलाउने।<br>**५:सहकारी .**<br>➢ वडामा कृषि सहकारी खोलि सम्पूर्ण विउ विजन उपलब्ध गराउनुका साथै किसानको बचत गर्ने बानी विकास गर्ने,<br>➢ सबै किसानलाई सहकारीको सदस्य अनिवार्य बनाइ सहकारी सँस्थाहरुलाई व्यवस्थित गर्ने।<br>**६:पर्यटन .**<br>➢ चोककोट ग्रामीण पर्यटन स्थल गुरुयोजना निर्माण<br>➢ चोककोट ऐतिहासिक दरबारको नवनिर्माण कार्य गर्ने,<br>➢ गाउँ देखि चोककोट दरबारसम्म पैदलमार्ग निर्माण गर्ने,<br>➢ झ्याङरी गुफा चोककोट गाउँ देखि थामचुलि वनको भीरको डाडाँमा बाटो सुधार गरी ३ कि. मि. पैदल मार्ग निर्माण गर्ने,<br>➢ रिठ्ठे पानी कुवा ऐतिहासिक ठाउँ थामचुली वनको पहरामा भएको सो पानी प्रयोग गर्दा टि.बि. रोग निको भएकाले उक्त ठाउँमा जान १ कि. मि. पैदल मार्ग सुधार गर्ने,<br>➢ चोककोट र गहतेरी गुरुङगाउँ देखि आवत जावत पैदल मार्ग सुधार योजना निर्माण गर्ने , |

| | |
|---|---|
